‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २४६ ★ ने. सं. ११४६ ञला थ्व, पूर्णिमा ★ शनिबार ★ १० असोज, २०८३ ★ September 26, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## जनताको मौलिक र कानुनी हक प्राप्तिमा कानुन व्यवसायीहरू सक्रिय हुनुपर्ने

भक्तपुर, ९ असोज । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जनताको मौलिक र कानुनी हक प्राप्तिका लागि जनताका कानुन व्यवसायीहरू सक्रिय हुनुपर्ने बताउनुभएको छ ।

शुक्रबार पार्टीको पेसागत सङ्गठन कानुन अध्ययन समाज नेपालको भक्तपुर जिल्ला समितिद्वारा आयोजित कानुन व्यवसायीहरूको भेलामा उहाँले आज संविधान र कानुनमा मौलिक हक र कानुनी हकहरू उल्लेख भए तापनि बहुसङ्ख्यक निमुखा जनताले आफ्नो हक प्राप्त गर्न नसकिरहेको बताउनुभयो ।

संविधानमा बाँच्न पाउने र स्वास्थ्य उपचारको हक उल्लेख भएर पनि प्रसव पीडामा रहेकी एक महिलालाई सरकारी अस्पतालबाटै निकालिएर सडकमा प्रसूति गर्नुपर्ने अवस्था आउनु जनअधिकार सुरक्षित नहुनुको टड्कारो उदाहरण भएको उहाँले बताउनुभयो ।

कानुन व्यवसायी वा कानुनका विद्यार्थीहरूले पद र पैसाकै निम्ति मात्र काम गर्न नहुने धारणा राख्दै उहाँले कुनै पनि चुनावमा असैद्धान्तिक गठबन्धन गरेर पदमा जान नहुने र सिद्धान्त तथा नीतिको प्रचारका निम्ति निर्वाचन लड्ने हो भन्नुभयो ।

उहाँले स्थानीय तहका गैरदलीय निर्वाचन हुनुपर्ने कुरा उठिरहेको प्रसङ्ग उल्लेख गर्दै त्यस्तो निर्वाचन एकातिर असंवैधानिक हुने र कथं भएमा त्यसले स्थानीय तहहरूमा अराजकता र गञ्जागोल निम्त्याउने बताउनुभयो ।



भेलामा नेमकिपाका अर्का केन्द्रीय सदस्य एवं बागमती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईले समाज परिवर्तनमा जान्ने-बुझ्नेहरूको अभिभारा बढी हुने भएकोले सामाजिक इन्जिनियर मानिने कानुन व्यवसायीहरूले समाजमा व्याप्त अन्याय, अत्याचार र शोषण अन्त्य गर्न सामूहिक र व्यक्तिगत प्रयास गर्न जरूरी रहेको बताउनुभयो ।

पुँजीवादी व्यवस्थाको पद र पैसाको पछाडि लाग्न नहुने सुझाव दिँदै उहाँले हालै बागमती प्रदेश सभामा अङ्कगणित नपुगेपछि नेमकिपालाई सभामुख र मन्त्री पदसम्मको प्रस्ताव आएको तर नेमकिपाले पदमा जाने लोभ राखेर कुनै निर्णय नगरेको स्पष्ट पार्नुभयो ।

कानुन व्यवसायीहरूले कानुनका साथै सामाजिक स्थितिको पनि गहन अध्ययन गर्नुपर्ने आवश्यकता औंल्याउँदै आफूले लिएको सिद्धान्त र नीतिविपरीत गतिविधि गर्न नहुनेमा उहाँले जोड दिनुभयो ।

कानुन अध्ययन समाज केन्द्रीय समितिका अध्यक्ष एवं अधिवक्ता रामप्रसाद प्रजापतिले कानुन व्यवसायीहरू एक न एक विषयमा विशेषज्ञ भई समाजका बहुसङ्ख्यक किसान र मजदुरहरूको हितमा लड्ने कानुनी व्यवसायी हुनु जरुरी छ भन्नुभयो ।

भेला आयोजक समितिका संयोजक सुन्दर राजचलको सभापतित्वमा सम्पन्न कार्यक्रममा जिल्ला समितिका अध्यक्ष राजु कैती, गम्भीरमान ज्याख्व, सुनिल प्रजापति र निरोज वैद्यलगायतले बोल्नुभएको थियो । भेलाले गम्भीरमान ज्याख्वको अध्यक्षतामा ९ सदस्यीय जिल्ला समिति चयन गरेको छ ।

## चौबीस घण्टामा १४ जिल्लामा १०० मिलिमिटरभन्दा बढी वर्षा

काठमाडौं, ९ असोज । जल तथा मौसम पूर्वानुमान महाशाखाको अपराह्न साढे ३ बजेसम्मको विवरणअनुसार चौबीस घण्टामा पाल्पाको अर्चले मापन केन्द्रमा सबैभन्दा बढी पानी परेको छ । त्यहाँ २४३.४ मिलिमिटर वर्षा मापन भएको छ । पाल्पाकै गण्डकोटमा १५२.२ मिलिमिटर वर्षा भएको छ ।

पछिल्लो चौबीस घण्टामा कोसी, बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न स्थानमा एक सय मिलिमिटरभन्दा बढी वर्षा मापन भएको छ ।

इलामको कन्याममा १०६.४ मिलिमिटर, सोलुखुम्बूको सल्लेरीमा १०४.२ मिलिमिटर, पेकरनासमा ११८.४ मिलिमिटर, काभ्रेको पनौतीमा १३४.८ मिलिमिटर, रोशीमा ११२.६ मिलिमिटर, सिन्धुपाल्चोकको बाहुनेपाटीमा १०५.२ मिलिमिटर, चितवनको माढीमा ११३.२ मिलिमिटर, चन्द्रेरीमा ११०.४ मिलिमिटर वर्षा मापन भएको छ ।

त्यस्तै तनहुँको बन्दीपुरमा १०१.२ मिलिमिटर, दमौलीमा १०५.८ मिलिमिटर, श्यामघामा १०२.२ मिलिमिटर, पर्वतको पचासेमा १२२ मिलिमिटर, कार्कीनेटामा १०३.८ मिलिमिटर, स्याङ्जाको पञ्चमूलमा ११०.२ मिलिमिटर, चापाकोकटमा १२५ मिलिमिटर, नवलपुरमा १०९.६ मिलिमिटर, देउराली नवलपुरमा १११.४ मिलिमिटर, अर्घाखाँचीमा १५७ मिलिमिटर, सिमलपानीमा १३३.२ मिलिमिटर, सन्धीखर्कमा ११३.६ मिलिमिटर, गुल्मीको भर्सेमा १०९.६ मिलिमिटर, बागलुङको ताराखोलामा १००.८ मिलिमिटर वर्षा मापन भएको छ ।

बाँकेको बैजापुरमा ११२ मिलिमिटर, ढकेरीमा १२६.६ मिलिमिटर, कोहलपुरमा ११७.६ मिलिमिटर, नौवस्तामा १०६.२ मिलिमिटर, खजुराको १०१.४ मिलिमिटर, बेलभारमा १११.२ मिलिमिटर, नेपालगञ्ज १११.६ मिलिमिटर, भगवानपुरमा १०७.६ मिलिमिटर वर्षा मापन भएको छ ।

कोशीदेखि लुम्बिनी प्रदेशसम्मका बाँकी भूभागमा मध्यमदेखि भारी वर्षा मापन भएको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशका बाँकी भूभागमा पनि हल्कादेखि मध्यम वर्षा मापन भएको छ ।

मौसमको शब्दावलीमा १० मिलिमिटरसम्मको वर्षालाई हल्का, १०–५० मिलिमिटरसम्मको वर्षालाई मध्यम, ५०-१०० मिलिमिटरसम्मको वर्षालाई भारी, १०० देखि २०० मिलिमिटरसम्मको

बाँकी पृष्ठ ८ मा

## देशको अवस्थाबारे उब्जिएका प्रश्न

● काठमाडौं उपत्यकामा घर बहाल उचित ढङ्गमा उठाइए वर्षको खर्बौं रूपैयाँ पुग्ने धेरै अघि सार्वजनिक भएको थियो । अन्य कर पनि उचित ढङ्गमा नउठाइएको हुँदा कर्मचारी प्रशासनसमेतको लागि सरकारहरूले ऋण लिँदै आएका छन् । एकजना पूर्वसचिवले २०७२ सालयता आफ्नो घर बहाल कर २५ लाख छली गरेको सार्वजनिक भयो । सरकारका उच्चपदस्थहरू काठमाडौं बसाइँसराइमा आउने, सुविधा यतै बन्दोबस्त गर्ने, अन्य जिल्लाका नेपालीलाई यतै बोलाउने र उनीहरूलाई कोठामा राख्न घरहरू बनाउने र कर छली गर्ने काममा तीव्र रूपले लागेको २०४६ सालयता बहुदलीय व्यवस्था पुनःस्थापनापछि हो । यस्तो अनियमितता पञ्चायती शासनमा नभएको होइन । व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकाका उच्चपदस्थहरूलाई शुद्ध बनाउने काम नेपालमा कहिले सुरु हुने होला ? के हालसम्मका सरकारहरूको ध्यान यतातिर नजाने भए नेपाली जनता आमूल परिवर्तनतर्फ लाग्नु जरुरी छैन र ? के कतिपय सांसदहरूले काठमाडौंमा घर बनाए पनि संसद् सचिवालयमा काठमाडौंमा घर नभएको भनी लेखी घर बहाल रकम बुझ्दै आएको सत्य होइन र ?

बाँकी पृष्ठ २ मा

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १२७

**भदौ २३ र २४ गतेको घटनामा नेपाली सेनाको भूमिका**

भदौ २३ गते सङ्घीय संसद् भवन परिसर वरपरको घटनामा सेना परिचालन सम्बन्धमा काठमाडौं जिल्लाका प्र.जि.अ.ले कर्फ्यू जारी गरिसकेपछि सेनाको सहयोगमा सुरक्षा स्थिति सुदृढ हुने अपेक्षा गरिएकोमा सेनाबाट सहयोग प्राप्त नभएको बताएका छन् । स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (२) ले कुनै ठाउँको गम्भीर अशान्ति रोक्न प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने प्र.जि.अ.लाई लागेमा यससम्बन्धी कारण र आधार खुलाई निजले स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा अवस्थानुसार नेपाली सेनाको मद्दत माग्न सक्ने व्यवस्था गरेको छ । भदौ २३ गतेको घटनालाई विचार गरी तीन चरणको सुरक्षा योजना जिल्ला सुरक्षा समितिले तयार गरी तेस्रो चरणको अवस्थाको लागि सेनाको सहयोग लिन सकिने कुरा पनि उक्त योजनामा भएको देखिन्छ । भदौ २२ गते साँझ र २३ गते बिहान ९:०० बजेसम्म शान्ति सुरक्षा सामान्य रहेको समितिको निर्णयमा उल्लेख छ । तर, भदौ २३ गते दिउँसो १२:०० बजेको निर्णयमा परिस्थिति काबुभन्दा बाहिर जान लागेपछि सेनाको सहयोगको लागि पत्राचार गरिए पनि नेपाली सेनाको सहयोग प्राप्त नभएको देखिन्छ ।

नेपाली सेनाका अनुसार “सङ्घीय संसद् भवनतर्फ सिंहदरबारस्थित नरसिंह दलबाट १२:४५ बजेको समयमा नै नेपाली सेना प्रहरीको सहयोगार्थ

बाँकी पृष्ठ ८ मा

जनता म्वाःसा, भाषा म्वाइ

थ्वहे वइगु ने.सं. ११४६ कौलाथ्व द्वादशी व त्रयोदशी (कार्तिक ६ व ७ गते) नेन्हुयकं सुथायसिया ११:०० ताःइलय् निसिं याता, गोमारी-७, ख्वप् जुइगु

पीखुकगु नेपालभाषा साहित्य तःमुंज्या व सांस्कृतिक ब्वज्या

तःजिक हानेता च्वसु (साहित्य) व सांस्कृतिक विधा दुथ्याकः दियता इनाप याङः च्वङा । नपां फयांफक्व हापं बियो तःमुंज्या स्वभ्फायता इनाप याङः च्वङा ।

च्वसु (साहित्य) व सांस्कृतिक दुःथ्याकेगु थाय्
क) पीखुकगु नेपालभाषा साहित्य तःमुंज्या, ग्वसाखलः गोमारी-७, ख्वप
Email: 46tamunjya1146@gmail.com
ख) Email: tamunjya1100@gmail.com
ग) ‘मजदुर’ दैनिक, कमलविनायक, नगांचा, भक्तपुर-१०

स्वापुया निंतिं :
☎: ०१-५९२५४६९ nepalbhasatamunjya 46tamunjya tamunjya 46Tamunjya
NBSTamunjya 46tamunjya1146@gmail.com tamunjya1100@gmail.com https://tamunjya.com

पीखुकगु नेपालभाषा साहित्य तःमुंज्या
ग्वसाखलः गोमारी-७, ख्वप
स्वापु ल्याः ०१-५९२५४६९

सुचं : तःमुंज्यासं दुथ्याकेगु साहित्यया खाँग्वः २००० स्वयो म्हवाँ व १० मिनेटया दुनय् ब्वने सिधय्के मः ।
साहित्य व सांस्कृतिक विधा दुथ्याकेगु लिपांगु न्हि ल्या : नेपाल सम्बत ११४६ ञलागा त्रयोदशी (२०८३ असोज २२), बिहीबाः तक



भक्तपुरबाट चाँगुनारायण मन्दिर जाने सडकको वन्टी खण्डमा कासाङखुसी खोलाको डिल भत्केर खोलाको पानी धानखेत हुँदै सडकमा पसेपछि सवारी आवागमन निकै असहज भएको अवस्था २०८३ असोज ९ गते शुक्रबार । *तस्बिर : प्रकाश/मजदुर दैनिक*

# सगरमाथाबाट तीन वर्षअघि गुटेरेसले दिएको चेतावनी विश्व मञ्चमा पुनः प्रतिध्वनित

सोलुखुम्बु, ९ असोज । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले तीन वर्षअघि सोलुखुम्बुको सगरमाथा क्षेत्रमा पुगेर विश्वलाई सुनाएको जलवायु सङ्कटको चेतावनी अहिले नेपालमा देखिएको विपद्का घटनाबिच पुनः विश्वमञ्चमा प्रतिध्वनित भएको छ ।

सन् २०२३ अक्टोबर ३० मा सोलुखुम्बुको खुम्बु क्षेत्रमा पुग्नुभएका महासचिव गुटेरेसले तीव्रगतिमा पग्लिरहेका हिमनदी र बढ्दो जलवायु सङ्कटप्रति विश्वको ध्यानाकर्षण गराउँदै 'विश्वको छाना खसिरहेको छ', भन्ने शक्तिशाली सन्देश दिनुभएको थियो ।

हिमालयका हिमनदीले एक अर्बभन्दा बढी मानिसलाई ताजा पानी उपलब्ध गराउने भएकाले त्यसको क्षयीकरण केवल हिमाली क्षेत्रको समस्या नभई विश्वव्यापी सङ्कट भएको उहाँको भनाइ थियो ।

तीन वर्षअघि सगरमाथाको काखबाट व्यक्त गरिएको उक्त चेतावनीलाई महासचिव गुटेरेसले हालै संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभालाई सम्बोधन गर्ने क्रममा पुनः स्मरण गर्नुभएको छ ।

गुटेरेसको उक्त चेतावनी सम्झँदै पर्यटनविद् आङछिरिङ शेर्पा भन्नुहुन्छ, "महासचिव गुटेरेस नेपाल भ्रमणका क्रममा सगरमाथा क्षेत्रमा आउनुभएको थियो । त्यस अवसरमा सगरमाथाको अगाडि रहेको एभरेस्ट भ्यु होटलमा उहाँलाई हिमाली क्षेत्रमा भइरहेको जलवायु परिवर्तन, तीव्रगतिमा पग्लिरहेका हिमनदी, बढ्दो हिमताल, हिमपहिरो तथा हिमाली समुदाय र पर्वतीय पर्यटनमा परेको प्रभावबारे प्रत्यक्ष रूपमा ब्रिफिङ गर्ने अवसर मैले पाएको थिएँ ।"

हिमाली समुदाय र पर्यटन क्षेत्रसमेत प्रत्यक्ष रूपमा प्रभावित भइरहेको छ । "त्यसैले त्यो केवल भावनात्मक अभिव्यक्ति थिएन, हिमालमा देखिरहेको वास्तविक परिवर्तनप्रतिको चेतावनी थियो ।

सगरमाथाको आधारबाट विश्वका नेताहरूलाई दिइएको गुटेरेसको उक्त सन्देश अहिले अझ सान्दर्भिक भएको पर्यटनविद् शेर्पाको भनाइ छ । नेपालका हिमालले विश्वलाई साहस, प्रेरणा, पानी, जैविक विविधता र प्राकृतिक सम्पदा दिएको उल्लेख गर्दै उहाँले हिमाल संरक्षणका लागि विश्व समुदायले पनि जिम्मेवारीपूर्वक कदम चाल्नुपर्नेमा जोड दिनुभयो । रासस

# तीन दशकपछि जीवन्त भयो खगां भैलः प्याखं मौलिक संस्कृति पुस्तान्तरणको नयाँ सुरुआत

भक्तपुर, ९ असोज । चाँगुनारायण नगरपालिका-९, ताथलीको सौडोलस्थित खगां टोलमा करिब तीन दशकदेखि निष्क्रिय रहेको ऐतिहासिक तथा मौलिक खगां भैलः प्याखं पुनः जीवन्त भएको छ । परम्परागत प्याखंको पुनर्जागरणसँगै नयाँ पुस्तालाई मौलिक संस्कृति हस्तान्तरण गर्ने अभियानले गति लिएको छ ।

खगां भैलः प्याखंलाई पुनर्जीवन दिने उद्देश्यले गत साउन २८ गतेदेखि सञ्चालन गरिएको प्रशिक्षणको दीक्षान्त (पिदानेगु ज्याइ्व) सम्पन्न भरिएको हो । स्थानीय अग्रजहरूको मौखिक इतिहास, परम्परागत स्मृति तथा उपलब्ध ऐतिहासिक तथ्यअनुसार खगां भैलः प्याखंको परम्परा वि.सं. १९८० भन्दा अघिदेखि रहेको बताइन्छ ।



खगां भैलः प्याखं व्यवस्थापन समितिको आयोजनामा बिहीबार सम्पन्न दीक्षान्त कार्यक्रममा प्याखंका गुरु, कलाकार, स्थानीय ज्येष्ठ नागरिक, जनप्रतिनिधि, संस्कृतिकर्मी, संस्कृति संरक्षणमा सक्रिय व्यक्तित्व तथा स्थानीयवासीको सहभागिता रहेको थियो ।

कार्यव्यस्तताका कारण औपचारिक कार्यक्रममा सहभागी हुन नसके पनि दीक्षान्तमा सरिक भएका चाँगुनारायण नगरपालिकाका नगर प्रमुख जीवन खत्रीले खगां भैलः प्याखंको संरक्षण र निरन्तरताका लागि नगरपालिकाबाट आर्थिक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै शुभकामना दिनुभएको थियो ।

चाँगुनारायण नगरपालिका-९ का वडा अध्यक्ष गणेश त्यातले लोपोन्मुख अवस्थामा पुगेको मौलिक प्याखंलाई पुनर्जीवन दिनु महत्त्वपूर्ण कार्य भएको बताउनुभयो । खगां भैलः प्याखं ताथलीको सांस्कृतिक पहिचानसँग जोडिएको उल्लेख गर्दै उहाँले यसको संरक्षण र निरन्तरताका लागि समुदायको सक्रियता आवश्यक रहेको बताउनुभयो ।

दीक्षान्तको अवसरमा प्याखं तथा धाँ गुरु कृष्णगोपाल छुकां, प्याखं गुरु राजाराम छुकां र राम छुकांलाई विशेष सम्मान गरिएको थियो ।

नयाँ पुस्तालाई परम्परागत ज्ञान

खगां सामुदायिक भवन परिसरमा सञ्चालन गरिएको प्रशिक्षणमा नयाँ पुस्ताका कलाकारलाई परम्परागत नृत्य, अभिनय, चाल, सांस्कृतिक अनुशासन तथा प्याखंसँग सम्बन्धित मौलिक विधिबारे अभ्यास गराइएको थियो ।

प्याखं तथा धाँ गुरु एवं व्यवस्थापन समितिका उपाध्यक्ष कृष्णगोपाल छुकांका अनुसार प्रशिक्षणको मुख्य उद्देश्य कलाकार तयार गर्नुमात्र नभई परम्परागत ज्ञान, शैली र सांस्कृतिक अनुशासनलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नु रहेको थियो । दीक्षान्तसँगै खगां भैलः प्याखंलाई नियमित रूपमा प्रस्तुत गर्ने तयारीसमेत अघि बढाइएको व्यवस्थापन समितिले जनाएको छ ।

समितिका अध्यक्ष हरिसुन्दर छुकांले खगां भैलः प्याखं ताथलीको मौलिक पहिचान, इतिहास र सांस्कृतिक सम्बन्धसँग जोडिएको परम्परा भएको बताउनुभयो । "खगां भैलः प्याखंको पुनर्जागरण स्थानीय समुदायको एकता, सहकार्य र सहयोगको परिणाम हो "अब यसलाई आगामी पुस्तासँग जोड्दै निरन्तरता दिने अभियान अघि बढाइनेछ ।" उहाँले भन्नुभयो ।

प्याखं गुरु तथा व्यवस्थापन समितिका सल्लाहकार राजाराम छुकांले खगां भैलः प्याखं ताथलीको सौडोल र तःधचाको गौरवसँग जोडिएको सांस्कृतिक परम्परा भएको बताउनुभयो । प्याखंलाई निरन्तर रूपमा अघि बढाउन समुदायमा एकताको भावना अझ बलियो बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

समितिका सचिव सजन छुकांले पनि प्याखंको संरक्षण, निरन्तरता र पुस्तान्तरणका लागि समुदायको निरन्तर साथ आवश्यक रहेको बताउनुभयो ।

**समुदायको सहयोगमा सामग्री व्यवस्थापन**

प्याखं सञ्चालनका लागि आवश्यक विभिन्न सामग्री व्यवस्थापनका लागि स्थानीय तथा विदेशमा रहेका ताथलीवासी, संस्कृतिप्रेमी, सामाजिक व्यक्तित्व, व्यवसायी तथा शुभेच्छुकबाट आर्थिक तथा जिन्सी सहयोग प्राप्त हुँदै आएको समितिले जनाएको छ ।

संस्कृतिकर्मीहरूका अनुसार खगां भैलः प्याखं भक्तपुर नगरपालिकामा प्रचलित विश्वकर्मा भैलः प्याखं, तुछिमला भैलः प्याखं र ज्याठा गणेश भैलः प्याखंभन्दा पृथक मौलिक परम्परा र प्रस्तुति बोकेको प्याखं हो । यसको मौलिकता, पात्र, प्रस्तुति शैली तथा स्थानीय सांस्कृतिक सन्दर्भलाई अभिलेखीकरण गर्दै संरक्षण गर्नुपर्ने उनीहरूको भनाइ छ ।

# त्रिभुवन राजपथमा पालैपालो सवारीसाधन सञ्चालन

हेटौँडा, ९ असोज । अविरल वर्षाका कारण पृथ्वी राजमार्ग र कान्ति राजमार्ग अवरुद्ध भएपछि हेटौँडा-काठमाडौँ आवतजावतका लागि त्रिभुवन राजपथमा समय तोकेर पालैपालो सवारीसाधन सञ्चालन गरिने भएको छ ।

दुवै राजमार्ग अवरुद्ध भई त्रिभुवन राजपथमा सवारीसाधनको चाप अत्यधिक बढेपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरले हेटौँडाबाट काठमाडौँतर्फ जाने र काठमाडौँबाट हेटौँडा आउने सवारीसाधनका लागि छुट्टाछुट्टै समय निर्धारण गरेको प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार शुक्रबार हेटौँडाको चौकीटोलबाट काठमाडौँतर्फ बिहान १०:०० बजेदेखि दिउँसो २:०० बजेसम्म र काठमाडौँबाट हेटौँडातर्फ सिमभञ्ज्याङ चौकीबाट साँझ ७:०० बजेदेखि राति ११:०० बजेसम्म सवारीसाधन सञ्चालन गरिनेछ ।

शनिबार हेटौँडाबाट काठमाडौँतर्फ बिहान ४:०० बजेदेखि ८:०० बजेसम्म तथा राति १०:०० बजेदेखि असोज ११ गते बिहान २:०० बजेसम्म सवारीसाधन सञ्चालन गरिनेछ । काठमाडौँबाट हेटौँडातर्फ भने शनिबार दिउँसो १:०० बजेदेखि साँझ ५:०० बजेसम्म र असोज ११ गते आइतबार बिहान ७:०० बजेदेखि ११:०० बजेसम्म सवारीसाधन सञ्चालन गरिने उहाँले बताउनुभयो ।

प्रशासनले अर्को व्यवस्था नभएसम्म इन्धन तथा एलपी ग्यास बोकेकाबाहेक १० चक्केभन्दा लामा र १५ टनभन्दा बढी भार भएका मालवाहक सवारीसाधनलाई त्रिभुवन राजपथमा सञ्चालन गर्न रोक लगाएको छ । यात्रुवाहक बस भने ११ मिटर लम्बाइसम्मका मात्र सञ्चालन गर्न पाइने व्यवस्था गरिएको छ । प्रजिअ अधिकारीले तोकिएको समय तालिकाअनुसार मात्रै यात्रा गर्न चालक, यातायात व्यवसायी तथा यात्रुलाई आग्रह गरिएको जानकारी दिनुभयो । ***(रासस)***

***देशको....***

- युक्रेनका राष्ट्रपति जेलेन्स्कीले रुसी पक्षबाट युक्रेनविरुद्ध लड्न ४७ देशका मानिस रुसी सेनामा भर्ती भएको यही असोज ८ गते संयुक्त राष्ट्रसङ्घको महासभामा बोले । राष्ट्रसङ्घमा जेलन्स्कीले रुसी पक्षबाट लड्न नेपाली पनि पुगेको उल्लेख गरे । तर, सन् २०२३ तिर नेपालका तत्कालीन प्रधानमन्त्रीले युक्रेनी सेनामा पनि नेपालीहरू भर्ती भएको संसदमा जानकारी दिएका थिए । यो विषय जेलेन्स्कीले संयुक्त राष्ट्रसङ्घको महासभामा बोलेनन् किन ? यतिबेला रास्वपा सरकारले नेपाली युवाहरू युक्रेनी सेनामा पुगे नपुगेको के सार्वजनिक गर्नु पर्दैन ? के जेलेन्स्कीले संयुक्त राष्ट्र सङ्घमा झूट बोले पनि रास्वपा सरकार मौन बस्ने हो ? यसरी मौन बस्नु के रास्वपाको स्वीकारोक्ति होइन ? रास्वपा सरकार प्रमुखले संयुक्त राष्ट्र सङ्घमा नेपाली युवा युक्रेनी सेनामा पुगे नपुगेको किन बोलेनन् ? नेपालका अघिल्ला प्रधानमन्त्रीले नेपाली युवा युक्रेनी सेनामा पुगेको बताएको झुट हो ?

# औषधिको सुरक्षित प्रयोगमा फार्मासिस्टको भूमिका महत्त्वपूर्ण

काठमाडौँ, ९ असोज । शुक्रबार विश्व फार्मासिस्ट दिवस । 'स्वस्थ भविष्यका लागि फार्मासिस्टलाई सशक्त बनाऔँ' भन्ने नाराका साथ विश्वभर यो दिवस मनाइँदै छ ।

औषधि उपलब्ध गराउने मात्र होइन, यसको सुरक्षित, सही र उचित प्रयोग सुनिश्चित गर्दै बिरामीलाई आवश्यक जानकारी र परामर्श प्रदान गर्न फर्मासिस्टहरूको भूमिका महत्त्वपर्ण रहँदै आएको छ ।

दिवसको अवसरमा औषधि व्यवस्था विभागले शुभकामना सन्देश व्यक्त गर्दै फार्मासिस्टको योगदानलाई थप प्रभावकारी बनाउँदै औषधि तथा स्वास्थ्य सेवाको गुणस्तर, सुरक्षा र पहुँच सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ ।

विभागका महानिर्देशक भरत भट्टराईले नेपालमा सुरक्षित, प्रभावकारी र गुणस्तरीय औषधिको पहुँच सुनिश्चित गर्न फार्मासिस्टको भूमिका महत्त्वपूर्ण रहेको बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "फार्मासिस्टको ज्ञान, सीप, व्यावसायिक आचरण र सेवामुखी दक्षता निरन्तर अभिवृद्धि गर्नुपर्छ ।" दिवसको अवसरमा विभागले नियामक निकाय, शैक्षिक संस्था, स्वास्थ्य सेवा प्रदायक र सम्बन्धित सरोकारवालाबिच सहकार्य अझ सुदृढ बनाउँदै स्वस्थ तथा समृद्ध समाज निर्माणमा योगदान पुऱ्याउन आह्वानसमेत गरेको छ ।

यसैगरी नेपाल फार्मेसी सङ्घका महासचिव सुवर्णराज पन्तले फार्मेसी पेशाको मर्यादा, व्यावसायिकता र समग्र विकासका लागि एकताबद्ध भएर अघि बढ्नुपर्ने बताउनुभयो । ***(रासस)***

सङ्क्षिप्त समाचार

## कुलेखानीमा जलसतह बढ्न नदिन पूर्ण क्षमतामा विद्युत् उत्पादन

वाग्मती, ९ असोज । मकवानपुरस्थित कुलेखानी जलविद्युत् आयोजनाको जलाशयमा जल सतह बढ्न नदिनका लागि तीनवटै युनिटमा पूर्ण रूपमा विद्युत् उत्पादन गरिएको छ ।

मौसम पूर्वानुमान महाशाखाको भारी वर्षासम्मको प्रक्षेपणका साथै पानी पर्ने क्रम लगातार भइरहेका अवस्थामा जल सतह बढ्ने र यसका कारण हुनसक्ने जोखिमसमेतलाई दृष्टिगत गरी पूर्ण क्षमतामा विद्युत् उत्पादन गरी पानीको अधिकतम प्रयोग भइरहेको कुलेखानी प्रथम जलविद्युत् केन्द्रका प्रमुख प्रह्लाद राउतले जानकारी दिनुभयो ।

हाल कुलेखानी जलाशयको जल सतह एक हजार ५२२.७५ मिटर रहेको जानकारी दिँदै उहाँले तीनवटै युनिटबाट पूर्ण रूपमा विद्युत् उत्पादन भइरहेका कारण जल सतह धेरै बढ्न नसकेको जानकारी दिनुभयो । प्रमुख राउतका अनुसार कूल १०६ मेगावाट क्षमताको कुलेखानी आयोजनाको पहिलो, दोस्रो र तेस्रो युनिटबाट क्रमश: ६०, ३२ र १४ मेगावाट विद्युत् उत्पादन भइरहेको छ । जल सतह एक हजार ५२७ मिटर पुगेपछि सर्वसाधारणलाई सम्भाव्य जोखिमबाट जोगिन आवश्यक सतर्कता अपनाउन चेतावनीस्वरूप साइरन बज्ने व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो । *(रासस)*

## सिन्धुपाल्चोकमा राति सवारी सञ्चालन बन्द गर्ने निर्णय

सिन्धुपाल्चोक, ९ असोज । निरन्तरको वर्षाका कारण बाढी र पहिरोको जोखिम बढेपछि जिल्लाका सबै राजमार्ग तथा सडकमा रातिको समयमा सवारी आवागमन बन्द गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकले सूचनाजारी गर्दै असोज ८ गतेदेखि असोज १० गतेसम्म बेलुका ८ बजेदेखि बिहान ५ बजेसम्म जिल्लाका सबै राजमार्ग तथा सडकमा सवारी आवागमनबन्द रहने जनाएको छ ।

नेपाल मौसम विज्ञान विभागका अनुसार असोज ८ देखि ११ गतेसम्म वाग्मती प्रदेशका धेरै स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारी वर्षाको सम्भावना छ ।

जिल्लाका सबै स्थानमा भारी वर्षाबाट हुन सक्ने बाढी, पहिरोको जोखिम आकलनपछि राति सवारी आवागमन रोक्ने निर्णय गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

उक्त कार्यालयले आपत्कालीन अवस्था परेमा मौसम विज्ञान विभागको हटलाइन ११५५, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र १२३४, नेपाल प्रहरी १०० र सशस्त्र प्रहरी बल १११४ मा सम्पर्क गर्न आग्रह गरेको छ । *(रासस)*

## बीसौँ एसियाली खेलकुद: पुरुष क्रिकेटमा नेपालद्वारा अफगानिस्तान पराजित

काठमाडौँ, ९ असोज । जापानको इची-नागोयामा जारी २० औँ एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष क्रिकेटमा नेपाल विजयी भएको छ । नेपालले अफगानिस्तानलाई पाँच विकेटले पराजित गरेको हो ।

जापानको आइचीस्थित निशिनमा रहेको कोरोगी स्पोर्ट्स पार्कमा शुक्रबार भएको खेलमा टस जितेर पहिला ब्याटिङ गर्दै अफगानिस्तानले नेपालसामु १०३ रनको लक्ष्य प्रस्तुत गरेको थियो । उक्त विजयी लक्ष्य नेपालले १७ दशमलव २ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गऱ्यो ।

नेपालका लागि सन्दीप जोराले सर्वाधिक ३४ रनको योगदान दिए । उनले ३५ बलमा तीन चौका र एक छक्का प्रहार गरे । त्यसैगरी रोहितकुमार पौडेलले अविजित ३३, दिपेन्द्रसिंह ऐरीले १५ तथा कुशल मल्ले ९ रन जोडे ।

बलिङतर्फ अफगानिस्तानका लागि फरिदुन दाउदजाई, अबदुल्लाह अहमदजाई र अरब गुलले समान एक एक विकेट लिए ।

त्यसअघि ब्याटिङ गर्दै अफगानिस्तानले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १०२ रनको योगफल बनायो । अफगानिस्तानका लागि फेसल खान अहमदजाईले ३० रन बनाए । त्यस्तै नजिबुल्लाह जाद्रानले ३० तथा नङ्गेलिया खानले अविजित १७ रनको योगदान दिए ।

बलिङतर्फ नेपालका कुशल भुर्तेलले चार तथा ललितनारायण राजवंशीले तीन विकेट लिए । समूह 'ए' मा रहेको नेपालले शनिबार जापानसँग खेल्नेछ । नेपालको समूहमा अफगनिस्तान र जापान रहेका छन् । यस्तै समूह 'बी' मा मलेसिया, हङकङ र ओमान रहेका छन् । *(रासस)*

## वर्षाका कारण चितवनका सबै विद्यालय बन्द

चितवन, ९ असोज । बिहीबारदेखि परेको अविरल वर्षाका कारण जिल्लाका सातै पालिकाले शुक्रबार एक दिनका लागि विद्यालय बन्द गरेका छन् । सात पालिकामा रहेका ४९७ विद्यालय बन्द गरिएका हुन् ।

शिक्षा विकास तथा समन्वय एकाइ चितवनका प्रमुख कृष्णचन्द्र पोखरेलका अनुसार यहाँ रहेका सबै पालिकाले शुक्रबार एक दिनका लागि विद्यालय बन्द गरेका हुन् । ती विद्यालयमा एक लाख ६९ हजार ३५६ विद्यार्थी अध्ययन गर्दै आएका छन् । निरन्तरको वर्षाका कारण सम्भावित जोखिमलाई मध्यनजर गर्दै विद्यालय बन्द गरिएको उहाँले बताउनुभयो । *(रासस)*




**पहिरोले पूर्वपश्चिम राजमार्ग अवरुद्ध**

पूर्वपश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरि गाउँपालिका-९ रजैया र हेटौँडा-१९ नेवारपानीको सिमानामा गएको पहिरो । पहिरोका कारण राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको छ । *तस्बिर: गणेशदर्पण अधिकारी/रासस*

# विभिन्न जिल्लामा सडक आवागमनमा रोक

काठमाडौँ, ९ असोज । नुवाकोटको टोखा-छहरे सडकखण्ड आवतजावत बन्द गरिएको छ ।

अत्यावश्यक सेवाबाहेक सार्वजनिक तथा निजी सवारीसाधनलाई आवतजावत गर्न बन्द गरिएको नेपाल प्रहरीले जारी गरेको बुलेटिनमा उल्लेख गरिएको छ ।

रसुवाको पासाङल्हामु सडकखण्डअन्तर्गत उत्तरगया गाउँपालिका-५ खाल्टेमा त्रिशुली नदीले सडकको तल्लो भाग कटान गरेपछि सडक अवरुद्ध भएको थियो ।

त्यस्तै, त्रिशूली बजार, बेत्रावती हुँदै रसुवागढी नाकासम्म जाने मुख्य पासाङल्हामु राजमार्ग बाढीले क्षति पुऱ्याएपछि पूर्णरूपमा अवरुद्ध भएको नेपाल प्रहरीले जनाएको छ । स्याफ्रुबेँसीसम्म पुग्न काठमाडौँ-टोखा-छहरे-विदुर-नुवाकोट दरबार-फलाँ टे-चोकदे-लच्याङ-सरमथली-पाच्याङ-भोर्ले शून्य किमि-कालिकास्थान-स्याउबारी-राम्चे-सोले-धुन्चे हुँदै स्याफ्रुबेँसीसम्मको एक लेनको कच्ची वैकल्पिक सडक प्रयोग गर्न सकिने प्रहरीले जनाइएको छ ।

"सोलुखुम्बुमा सिद्धिचरण लोकमार्गलगायत जिल्लाका भित्री सडकमा बेलुका ६ बजेदेखि बिहान ६ बजेसम्म अत्यावश्यक सेवाबाहेक सवारीसाधन तथा पैदलयात्रुको आवागमनमा रोक लगाइएको छ ।"

प्रहरीद्वारा जारी बुलेटिनमा भनिएको छ, "दाङमा राप्ती राजमार्गअन्तर्गत तुलसीपुर-कपुरकोट, भालुवाङ-चकचके सडकखण्डको भालुवाङ-गनाहा खोला, सहिद मार्गअन्तर्गत घोराही-होलेरी, घोराही-मुर्कुटी तथा तुलसीपुर-सुर्खेत सडकखण्डको तुलसीपुर-कालीमाटी क्षेत्रमा साँझ ५ बजेदेखि बिहान ६ बजेसम्म आवागमन बन्द गरिएको छ ।"

यसैगरी रोल्पामा भारी वर्षाको सम्भावनाका कारण मदन भण्डारी राजमार्गअन्तर्गत रोल्पा नगरपालिका-७ माडीचौर क्षेत्रमा असोज ८ गतेदेखि १२ गतेसम्म सवारी आवागमनमा रोक लगाइएको छ ।

नेपाल प्रहरीका अनुसार धादिङमा बेनीघाट रोराङ गाउँपालिका-७ कृष्णभीर, वडा नं १० टिङराङखानी तथा गजुरी गाउँपालिका-२ परेवाभीरमा अविरल वर्षाका कारण ठूलो ढुङ्गासहित पहिरो खसेपछि पृथ्वी राजमार्ग दुईतर्फी अवरुद्ध भएको छ ।

भोजपुरमा साँझ ६ बजेदेखि भित्री तथा सहायक सडकमा सवारी आवागमन पूर्णरूपमा रोक लगाइएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार मध्यपहाडी लोकमार्गमा साँझ ७ बजेदेखि बिहान ५ बजेसम्म अत्यावश्यक सवारी, एम्बुलेन्स, दमकल तथा अत्यावश्यक खाद्यान्न बोकेका सवारीलाई नजिकको प्रहरी एकाइसँग समन्वय गरी सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ ।

यसैगरी मनाङमा बेँसीसहर हुँदै खाङसार तथा लमजुङको सीमादेखि खाङसारसम्म राति ६ बजेदेखि बिहान ६ बजेसम्म सवारी आवागमनमा रोक लगाइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार मनाङको नासों गाउँपालिका-३ खोत्रोमा अविरल वर्षाका कारण सडक माथिबाट ढुङ्गासहित पहिरो खसेपछि चामे-बेँसीसहर सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको छ ।

"वाग्मती प्रदेशका विभिन्न जिल्लामा समेत जोखिमका कारण आवागमनमा समय निर्धारण गरिएको छ । चितवनमा नारायणगढ-मुग्लिन सडकखण्डमा निरन्तर पहिरो खसिरहेका कारण सबै सवारीसाधनको आवागमन बन्द गरिएको छ ।

धादिङमा पृथ्वी राजमार्गमा राति ८ बजेदेखि बिहान ५ बजेसम्म सवारी आवागमन रोकिएको छ," प्रहरीद्वारा जारी बुलेटिनमा भनिएको छ, "मकवानपुरमा कान्ति राजमार्गमा बिहान ५ बजेदेखि बेलुका ५ बजेसम्म मात्रै आवागमनको व्यवस्था गरिएको छ ।

भैँसे-भीमफेदी-देउराली-कुलेखानी हुँदै काठमाडौँ जाने सडकमा समेत तोकिएको समयभित्र मात्रै सवारी सञ्चालन गर्न दिइएको छ ।"

प्रहरीका अनुसार सिन्धुलीमा असोज ८ देखि ११ गतेसम्म साँझ ५ बजेदेखि बिहान ५ बजेसम्म बीपी राजमार्गमा आवागमन पूर्णरूपमा रोक लगाइएको छ । दोलखामा असोज ८ देखि १० गतेसम्म राति ८ बजेदेखि बिहान ५ बजेसम्म जिल्लाभरका सडकमा आवागमन रोकिएको प्रहरीले जनाएको छ ।

यसैगरी काभ्रेमा बिपी र अरनिको राजमार्ग हुँदै सिन्धुपाल्चोकतर्फ जाने सवारीसाधनलाई साँझ ५ बजेदेखि बिहान ५ बजेसम्म रोक लगाइएको छ ।

काभ्रेको रोशी गाउँपालिका-७ चारसयबेँसी र रोशी-८ गिम्दीबेँसीमा पहिरो खसेपछि बीपी राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको हो । *(रासस)*

# रसुवाका २०१ अभिभावक र ३८ जना विद्यार्थी बेपत्ता

रसुवा, ९ असोज । भोटेकोशी बाढीबाट रसुवाका निजी विद्यालयमा ठूलो मानवीय तथा भौतिक क्षति पुगेको छ ।

बाढीमा परी ठूलो सङ्ख्यामा विद्यार्थी र अभिभावक बेपत्ता भएका छन् । सयौँको सङ्ख्यामा अभिभावक गुमाएपछि धेरै बालबालिका विचल्लीमा परेका छन् । बाढीपछि विद्यालयको पठनपाठनसमेत प्रभावित भएको छ ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) का अध्यक्ष पासाङ लामाका अनुसार जिल्लाका विभिन्न संस्थागत विद्यालयमा अध्ययनरत ३८ जना विद्यार्थी बाढीमा परी बेपत्ता भएका छन् ।

गोसाइँकुण्ड बोर्डिङ स्कुलका १९ जना, मोडर्न ट्रिनिटी बोर्डिङ स्कूलका १० जना र हाइल्याण्ड आवासीय माध्यमिक विद्यालयका नौ जना विद्यार्थी बेपत्ता भएका छन् । बाढीकै कारण २०१ जना अभिभावकसमेत बेपत्ता छन् । प्याब्सनको तथ्याङ्कअनुसार गोसाइँकुण्ड बोर्डिङका ४६ जना, हाइल्याण्ड आवासीय माविका ४२ जना, नमूना एभरग्रिनका ४१ जना, मोडर्न ट्रिनिटीका ३३ जना, ग्रीनगार्डनका २५ जना, नर्थपोलका नौ जना र हिमालयनका पाँच जना विद्यार्थीले आफ्ना अभिभावक गुमाएका छन् ।

आफ्ना आमाबुवा तथा अभिभावक गुमाएपछि ती स्कूले बालबालिकाको पठनपाठन अन्योलमा परेको छ । आश्रय र संरक्षणको अभावमा सयौं बालबालिका हाल गम्भीर मानसिक तथा भौतिक सङ्कट व्यहोर्नु परेको छ । बाढीले विभिन्न भौतिक संरचनासहित शैक्षिक संस्थामा पनि क्षति पुगेको छ । बाढीकै कारण मोडर्न ट्रिनिटी बोर्डिङ स्कुलका संस्थापक प्रधानाध्यापक सुरोज डङ्गोल र एक शिक्षिका बेपत्ता हुनुभएको छ ।

प्याब्सन रसुवाका अध्यक्ष लामा भन्नुहुन्छ, "विद्यालय छात्रावासमा रहेका अभिभावकविहीन विद्यार्थीको खानपान तथा विद्यालय तत्काल सञ्चालनमा ल्याई आवश्यक खाद्यान्नसहितका सामग्री उपलब्ध गराइएको छ ।"

जिल्लाका संस्थागत सात विद्यालयमध्ये पाँच वटा विद्यालय पुन: सञ्चालनमा आइसकेका छन् । ठूलो क्षति व्यहोरेका दुई विद्यालय पनि केही समयमै सञ्चालनमा ल्याउने आवश्यक तयारी भइरहेको जनाइएको छ ।

प्रभावित बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न प्याब्सन रसुवाले थप सहयोगका सबैसँग अपिल गरेको छ । केन्द्रीय प्याब्सनको समन्वयमा अभिभावक गुमाएका तथा बाढीप्रभावित बालबालिकालाई नि:शुल्क पठनपाठनको व्यवस्था मिलाउन विभिन्न पहल र कोसिस भइरहेको जानकारी दिइएको छ । *(रासस)*

। सम्पादकीय ।

# संयुक्त राष्ट्रसङ्घ तटस्थ किन भएन ?

संयुक्त राष्ट्र सङ्घको ८१ औं महासभा भदौ २३ गते संयुक्त राज्य अमेरिकामा सुरु भयो । राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसले असोज ६ गतेको सम्बोधनमा भने, "विगत एक दशकमा विनाशकारी परिणामसहित युद्धहरू भए, अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन गरिए, असमानताका दरार फराकिलो भयो, विश्वास कमजोर भयो, जलवायु सङ्कट दैनिक वास्ताविकतामा परिणत भयो । विश्व संस्थाका उच्च अधिकारीको यो चिन्ता सदस्य देशहरू १९३ वटाकै सरोकारको विषय हो । यो संरा अमेरिकाका ट्रम्प र इजरायलका नेतन्याहुले खुलमखुला हाँक दिइरहेकोलाई सङ्केत हो ।

संरा अमेरिकी राष्ट्रपति ट्रम्पले राष्ट्र सङ्घका महासचिवको चिन्ताविपरीत भनाइ राखे । संरा अमेरिका पहिलेभन्दा बलियो भएको यसको सेना संसारमै शक्तिशालीसहित विस्तार भएको, सबै क्षेत्रमा पहिलो बनेको, गत वर्ष १५ लाख अमेरिकी जनता गरिबीमुक्त भएको, ३२५ वर्षयता हत्या दर कम भएको र वासिङटनमा ८७ प्रतिशत अपहरण घटेको दाबी गरे । यथार्थमा ट्रम्पको सम्बोधन राष्ट्र सङ्घका बाँकी १९२ देशलाई धम्की नै थियो । संरा अमेरिकाको भन्दा चार गुणा बढी जनसङ्ख्या भएको चीनमा तीन वर्ष अघि नै सारा जनता गरिबीमुक्त भए । संरा अमेरिकामा कति गरिबी बाँकी छ ट्रम्पले उल्लेख गरेनन् ।

ट्रम्पले राष्ट्र सङ्घका एक सदस्य इरानलाई संसारको एक नम्बरको आतङ्कवादी देश भएको र क्षेप्यास्त्र, ड्रोन निर्माण गरी भण्डारण गरेको, अमेरिकी सेना र युरोपसम्म हान्न सक्ने क्षेप्यास्त्र बनाएको आरोप लगाए ।

इरानका राष्ट्रपति पेजेश्किनले सम्बोधनमा ट्रम्प र नेतन्याहुलाई इरान स्वयम् आतङ्कवादबाट पीडित भएको र संसारमा अमेरिकी र इजरायली शासकहरू नै आतङ्कवादी भएको जवाफ दिए ।

ट्रम्पले सम्बोधनमा इरानलाई आणविक हतियार कहिल्यै राख्न नदिने, इस्लामिक रिपब्लिक अफ इरान नष्ट गर्ने, संरा अमेरिकासँग कल्पनाभन्दा पनि बढी हतियारहरू भएको, बीसबुँदे गाजा शान्ति योजनाको शान्ति बोर्डमा ३० देश अर्बौं डलर योगदानसहित सामेल भएको, मोरक्को, बहराइन, कतार, कुवेत, कजाकिस्तान, इन्डोनेसिया, अल्वानिया, कोसोभो, इजिप्ट, जोर्डनलगायत सामेल भएको, कम्बोडियो-थाइल्यान्ड, कोसोभो-सर्विया, कङ्गो-रुवान्डा, पाकिस्तान-भारत, आर्मेनिया-अजरबैजान युद्ध समाधान गरेको दाबी गरे ।

"संरा अमेरिकी र इजरायलका सरकारहरूले इरानको सहर, खेलकुद हल, विद्यालय, अस्पताल र पूर्वाधारमा बमवारी गरे भने सर्वोच्च नेता खोमेनी र हमासको उच्च राजनीतिक नेता इस्माइल हानियाको इरानमा हत्या गरेको पनि उल्लेख छ । संरा अमेरिकी र इजरायलले अन्तर्राष्ट्रिय कानुनको पालन नगर्ने, गाजामा ७० हजारभन्दा बढी निर्दोष जनतालाई क्रुरतापूर्वक हत्या गरेको, प्यालेस्टिनी वार्तामा इरान टेबलको पछाडि भएको हुँदा बमवारी गरेको तर इरानलाई आत्मसमर्पण गराउन नसक्ने, विनाशकारी हतियार भएको इजरायलमा निरीक्षण नगराउने उल्टो इरानमा निरीक्षण गराउनेलगायत आत्मरक्षा गर्नेहरू आतङ्कवादी नहुने" इरानी राष्ट्रपतिको भनाइ थियो ।

संरा अमेरिकी सरकारले २५० वर्षयता संसारका ९०० भन्दा बढी ठाउँमा सेना र हतियार तैनाथ गरेको र ५०० भन्दा बढी ठाउँमा सैनिक हस्तक्षेप र धम्की दिएको तथ्याङ्क यसअघि नै सार्वजनिक भएको हो । यसरी संसारमा शान्ति खल्बलिनुमा संरा अमेरिका र इजरायल नै जिम्मेवार भएको पुष्टि हुन्छ । यसकारण, संयुक्त राष्ट्रसङ्घको भूमिका तटस्थ हुनुपर्छ भनिए पनि भइरहेको छैन ।

# "संविधान कानुनी मात्र होइन, शक्तिको आधारमा लेखिने राजनीतिक दस्तावेज पनि हो"




सुनिल प्रजापति

नेपालको संविधान जारी भएको ११ वर्ष भयो । यसबिचमा विभिन्न राजनीतिक घटनाक्रमहरू भए । केही साथीहरूले गत वर्ष भदौ २३ र २४ गते पछिको घटनाक्रमलाई लिएर केही जिज्ञासाहरू पनि राख्नुभयो । सुशीला कार्कीको नेतृत्वको सरकार कसरी वैधानिक हुनसक्छ ? सर्वोच्च अदालतका नजिरहरू प्रस्तुत गर्दै उहाँहरूले त्यस सरकारले वैधानिकता पाउन नसक्ने जिकिर गर्नुभयो । उहाँहरूका तर्कहरू कानुनी र संवैधानिक दृष्टिले सही छन् । तर, संविधान कानुनी दस्तावेजमात्र होइन, शक्तिको आधारमा लेखिने राजनीतिक दस्तावेज पनि हो भन्ने कुरा कानुनका विद्यार्थीहरूले बिर्सनुहुन्न ।

२०६२/६३ को आन्दोलनपछि सात दल र माओवादीबिच विस्तृत शान्ति सम्झौता भयो । त्यतिबेला २०४७ सालको संविधान निष्क्रिय प्रायः थियो । केही समय सम्झौताको आधारमा देश चलेको थियो । माओवादी पार्टीले पुनःस्थापित संसद्मा ८३ सीट दलहरूबिचको सहमतिमा पायो । माओवादीहरू निर्वाचित थिएनन् । त्यसलाई वैध मानियो किनभने शक्ति सात दल र माओवादीको हातमा थियो । शक्तिको सामु संविधानका धारा र कानुनका दफाहरूको केही चल्दैन ।

गत वर्ष फागुन २१ को निर्वाचन नहुँदै अदालतले पुनःस्थापनासम्बन्धी मुद्दाको फैसला गरेको भए धेरै हदसम्म संसद् पुनःस्थापनाको सम्भावना थियो । सरकारले त्यो मुद्दालाई अगाडि नै बढ्न दिएन । संसद् पुनःस्थापनाका लागि माग गरिरहेका दलहरू नै निर्वाचनमा जान तयार भएपछि नै संसद् पुनःस्थापनासम्बन्धी मुद्दाको औचित्य समाप्त भयो । प्रजातन्त्रमा निर्वाचनको लागि राजनीतिक दलहरू जहिले पनि तयार हुनुपर्छ । प्रधानमन्त्रीसँग बहुमत हुँदाहुँदै काम गर्ने वातावरण नभएको अवस्थामा वा विपक्षीले काम गर्नै नदिएमा प्रधानमन्त्रीसँग संसद् विघटन गर्ने अधिकार हुनुपर्छ । त्यसले मात्र सांसदहरूलाई अनुशासनमा राख्न सक्छ । निर्वाचनमा को जित्यो र को हार्‍यो त्यो मुख्य होइन । निर्वाचन एक प्रजातान्त्रिक प्रक्रिया हो, त्यो जीवित रहनुपर्छ ।

**संविधान संशोधन**

नेपालको संविधान जारी भएको एक दशक नाघिसक्यो । यतिबेला संविधान संशोधनको कुरा पनि चल्दै छ । कुनै पनि संविधान चिरस्थायी हुँदैन । समयअनुसार संशोधन वा परिमार्जन आवश्यक हुन्छ । समयको परिवर्तनसँगै जनताको चाहनामा परिवर्तन आउँछ । संविधानले जनताको चाहना सम्बोधन गर्न सकेन भने त्यो कागजको खोस्टामा परिणत हुन्छ । २०४७ सालको संविधानलाई एसियाकै राम्रो र उत्कृष्ट संविधान भनिन्थ्यो । तर, त्यो १२/१३ वर्षमा एकपटक पनि संशोधन नभई खारेज भयो । जनताको इच्छा आकाङ्क्षाहरू संविधान संशोधन गरेर सजिलै पूरा हुने भए, जनता नयाँ संविधान लेख्नेतिर लाग्दैनन् ।

२०६३ साल माघ १ गते अन्तरिम संविधानले नेपालको संविधान २०४७ विस्थापित गर्‍यो । तर, त्यो संविधानप्रति मधेसी दलहरू सन्तुष्ट थिएनन् । उनीहरूले अन्तरिम संविधान घोषणा भएको लगत्तै तराईमा आन्दोलन गरे । तत्कालीन सरकारका मन्त्रीहरू तराईमा जान सक्ने अवस्था थिएन । अन्तमा, सङ्घीयताको व्यवस्था गर्ने, जनसङ्ख्या बढी भएका तराईको जिल्लाहरूमा निर्वाचन क्षेत्र वृद्धि गर्ने र महिला, दलित, अपाङ्ग, किसान, मजदुर सबैलाई राज्यका सबै तहहरूमा समानुपातिक र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने सहमतिमा संविधान संशोधन गरियो । संविधान जारी भएको दुई महिना नहुँदै तराई आन्दोलनलाई साम्य पार्नका लागि त्यो संशोधन भएको हो ।

राजनीतिमा हरेक १०/१५ वर्षमा कुनै न कुनै रूपमा आन्दोलन र विद्रोहहरू भइरहन्छन् । २०३६ साल, २०४६ साल र २०६२/६३ को आन्दोलन त्यही अनुपातमा भएको देखिन्छ । २०७२ सालमा नयाँ संविधान जारी भयो । त्यसको ठीक १० वर्षपछि २०८२ भदौ २३ र २४ गते नेपालमा ध्वंसात्मक घटनामार्फत सरकार परिवर्तन गराइयो । त्यही घटनाको रापतापले रास्वपाको नयाँ सरकार गठन गरियो । सुशीला कार्की नेतृत्वको सरकारमाथि वैधानिकताको प्रश्न उठे पनि नेपाली सेनाको बलले जबरजस्ती वैधता पायो ।

धेरै स्थानमा जित वा हारको आधारमा पार्टी सही वा गलत छुट्याउने आधार हुन सक्दैन । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले १८२ स्थान जित्यो । त्यसपछि रास्वपाका सांसदहरूको भुइँमा खुट्टा छैन । ५ वर्षसम्म कसैले हल्लाउन सक्दैन भन्ने घमण्डको भूत रास्वपा सांसदहरूमा चढेको देखिन्छ । त्यो उनीहरूको पतनको बाटो हो । निर्वाचनअघि र निर्वाचनपछि रास्वपाको लोकप्रियतामा धेरै ह्रास आएको सबैले देखेकै छन् ।

एउटा निर्वाचनबाट अप्रत्यासित नतिजा प्राप्त गर्दैमा सधैँ त्यो कायम राख्न सम्भव हुँदैन । त्यसो त २०६४ सालमा सम्पन्न संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ २४० मध्ये माओवादी एक्लैले १२० स्थानमा जित हासिल गर्‍यो तर त्यो धेरै समय टिक्न सकेन । केही समयभित्रै एक्लै चुनाव लड्न नसक्ने अवस्थामा पुग्यो । २०८० सालमा एमाले र नेकाको दुईतिहाइको सरकार बन्यो । तर, जेनजीको त्यो ध्वंसात्मक प्रदर्शनीपछि दुईतिहाइको सरकार पनि तासको घरझैँ भत्क्यो । दुईतिहाइको दम्भ आज कहाँ पुग्यो ?

अहिलेको सरकारले पनि सांसद सङ्ख्याको दम्भ देखाएमा उसले पनि एमाले र काङ्ग्रेसकै नियति भोग्न बाध्य हुनुपर्नेछ । बहुमतको दम्भले एमाले र काङ्ग्रेसको संयुक्त गठबन्धन समाप्तमात्र भएन, निर्वाचनपछि सोचनीय बनाएको छ । त्यसबाट रास्वपाले पनि शिक्षा लिनुपर्छ । घमण्डी र दम्भी व्यक्ति वा संस्थाको पतन अवश्यम्भावी छ ।

यतिबेला संविधान संशोधनको बहससँगै स्थानीय तह गैरदलीय बनाउने, प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गर्ने निर्वाचन प्रणालीलगायतबारे छलफल भइरहेको पाइन्छ । संविधान संशोधनको विषय प्रतिनिधिसभामा भएका दलहरूको मात्र सरोकारको विषय होइन, ३ करोड नेपालीसँग सरोकार राख्ने विषय हो । अबको संविधान संशोधनमा निःशुल्क शिक्षा र निःशुल्क स्वास्थ्य उपचारको बन्दोबस्त, रोजगारीको सुनिश्चितता, व्यक्तित्व विकासमा समान अवसर, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरणजस्ता विषयहरू समेटिनु आवश्यक छ ।

**मतसीमा (थ्रेसहोल्ड) सम्बन्धमा**

एमाले र नेकाले थ्रेसहोल्ड (मत सीमा) बढाउने तयारी गर्दै थिए । उनीहरू प्रतिनिधिसभा सदस्यलाई ३ प्रतिशतबाट बढाएर ५ प्रतिशत र प्रदेश सभामा १.५ प्रतिशतबाट ३ प्रतिशत पुर्‍याउन चाहन्थे । भदौ २३ र २४ गतेको घटनासँगै संसद् विघटनले उनीहरूको त्यो सपना पूरा हुन पाएन ।

मत सीमा (थ्रेसहोल्ड) बढाउनुको अर्थ नयाँ विचारका पार्टीहरूलाई निषेध गर्नु हो । प्रजातन्त्रमा सयौँ फूलहरूले फुल्ने अवसर पाउनुपर्छ । नेका, एमाले र माओवादीहरू नेपालमा अमेरिका र बेलायतमा जस्तै दुईदलीय तानाशाही लाड्न चाहन्छन् । अमेरिकामा रिपब्लिकन (अनुदार) र डेमोक्रेटिक पार्टी, बेलायतमा श्रमिक पार्टी र कन्जरभेटिभ पार्टीले पालैपालो सरकार चलाउँछन् । त्यहाँ जनतासँग तेस्रो विकल्प छैन । नेपालमा अहिलेकै अवस्थामा पनि मत सीमाको कारण लाखौँ मत खेर गइरहेको छ । मत सीमा बढाएमा झन् बढी खेर जाने सम्भावना रहन्छ । तोकिएको मापदण्ड पूरा गर्न नसक्ने पार्टीहरूले प्राप्त गरेको सबै मतको फाइदा ठुला पार्टीहरूमा जाने व्यवस्था प्रजातन्त्रविपरीत छ । त्यो लाखौँ मतदाताहरूको अपमान हो । मत सीमा खारेज हुनुपर्छ ।

**आचारसंहिताको पालना**

आचारसंहिता कसैलाई देखाउनका लागि होइन, अनुशासनमा राख्नका लागि हो । देशका प्रधानमन्त्रीले नै आचारसंहिता उल्लङ्घन गर्छन् भने सर्वसाधारणले पालना गर्न आवश्यकता देख्दैनन् । राष्ट्रपतिले सरकारको नीति तथा कार्यक्रम वाचन गरिरहँदा प्रधानमन्त्री बाहिरिनु, सांसदहरूको प्रश्नहरूको जवाफ दिने दिन संसद्मा उपस्थित नहुनु आचारसंहिताको हाकाहाकी उल्लङ्घन हो । संसद्बाटै नेपालले पनि भारतको धेरै ठाउँमा जग्गा मिचेको छ भनेर बोल्नु देशघाती अभिव्यक्ति हो । सरकार प्रमुखको यस्ता अभिव्यक्ति र व्यवहारले नैतिक शक्ति कमजोर बनाउँछ ।

**नेका र एमाले बदनाम हुनाका प्रमुख कारणहरू**

नेका र एमालेको गठबन्धन सरकार असफल भएकै कारण स्वतन्त्र पार्टीले सरकार बनाउने अवसर पाएको हो । नेका, एमाले र माओवादी पार्टीका नेता कार्यकर्ताहरूले पार्टीको विचार र सिद्धान्तलाई बिर्से । उनीहरू पद र पैसाको पछि लागे । एउटा पार्टीसँग गठबन्धन गरेर निर्वाचन लड्ने पछि अर्कै पार्टीसँग मिलेर सरकार बनाउने जस्ता अराजनीतिक बाटो रोजे । सरकारमा गएर पार्टी घोषणापत्रबमोजिम काम गरेनन् । हरेक क्षेत्रमा भागबन्डामा नियुक्ति गर्ने र भ्रष्टाचार गर्न नै सरकारजस्ता विकृतिहरूले ती सरकारहरू बदनाम भए । वर्तमान सरकारले पनि विगतका सरकारहरूको पतनबाट शिक्षा लिनु जरुरी छ ।

अहिले देश राष्ट्रिय स्वतन्त्र पार्टीको हातमा छ । नाटकीय ढङ्गबाट सरकार परिवर्तन हुँदा पनि नेका, एमाले र माओवादी चेतेको देखिँदैनन् । उनीहरू आन्तरिक कलहमा डुबिरहेका छन् । कार्यकर्ताहरू निराश देखिन्छन् । जे रोप्यो उम्रने त आखिर त्यही नै हो, सिस्नु रोपेर तुल्सीको आशा गर्नु मूर्खताबाहेक केही होइन ।

***(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले संविधान दिवसको अवसरमा ख्वप कलेज अफ लको आयोजनामा असोज ३ गते सम्पन्न 'संविधान, शासनको वैधता र नागरिक अधिकार' सम्बन्धी छलफल कार्यक्रममा व्यक्त विचारको सार सङ्क्षेप)***

# बाढीले 'टुहुरा' बनेका ५ सय भन्दा बढी बालबालिकाको भविष्य अनिश्चित !

**(भदौ १० को बाढीयता अभिभावकहरू बेपत्ता वा मृत घोषित भएका ५०० भन्दा बढी बालबालिका हाल आश्रयस्थलमा छन् ।)**
**रसुवा, नुवाकोट र धादिङ**

भदौ १० का दिन बाढीको भेलबाट ज्यान जोगाउन आफ्नो आमा र अन्य दर्जनौँ मानिसहरूसँगै उकालो चढ्दै गर्दा नौ वर्षीय राम ठाकुरले पछाडि फर्केर हेर्दा खैरो रङ्गको पानी उर्लदैँ आएको देखे ।

उनीहरू दौडिन थाले । त्यतिबेलासम्म रामको हात समातेर राखेकी उनको आमाले उनलाई छिटो माथि चढ्न मद्दत गरिन् । त्यसपछि घुम्दै-उर्लेको पानीको आवाज र वरिपरिका मानिसहरूको चिच्याहटसँगै मिसिँदै गर्दा उनले आफ्ना छोरालाई चिच्याएर भनिन्, "छिटो माथि चढ, पछाडि नहेर ।"

ठाकुरले त्यही गरे, उनी झन्झन् माथि चढ्दै गए; अन्त्यमा पछाडि फर्केर हेर्न अघिसम्म चढे । पानीको गडगडाहत नजिकिँदै थियो, तर उनको आमा त्यहाँ थिइनन् ।



२२ भदौ, काठमाडौमा, भदौ १० को बाढीमा ज्यान गुमाएकाहरूको सम्झनामा शोक मनाउँदै मानिसहरू मैनबत्ती बाल्दै र प्रार्थना गर्दै । (दार यासिन/एपी फोटो)

करिब चार हप्तापछि, ठाकुर अझै पर्खिरहेका छन् - निराशाकाबिच आशा राख्दै - आफ्ना आमा र बुबालाई । ऊ हाल नेपालको नुवाकोट जिल्लामा अस्थायी आश्रयस्थलमा परिणत गरिएको एउटा सरकारी प्राथमिक विद्यालयमा अन्य २६ जना बालबालिकासँग बसिरहेको छ ।

उनीहरू नेपालका बाढी प्रभावित जिल्लाहरूमा रहेका विभिन्न अस्थायी आश्रयस्थलमा बसिरहेका ५०० भन्दा बढी बालबालिकाहरूमध्ये पर्दछन्, जसका आमाबुबा यात मृत भइसकेका या बेपत्ता छन् । नेपाली कानुनअनुसार, कुनै व्यक्तिलाई मृत घोषित गर्नका लागि उनीहरू १२ वर्षसम्म बेपत्ता रहेको हुनुपर्छ । कानुनले विपद्को समयमा यस नियममा छुटको व्यवस्था गरेको छ तर त्यसका लागि आफन्तहरूले 'मृत्युको न्यायिक घोषणा' प्राप्त गर्न जिल्ला अदालतमा निवेदन दिनुपर्ने हुन्छ ।

त्यसैले, तत्कालका लागि ठाकुर र अन्य बालबालिकाहरू अनिश्चित अवस्थामा बाँचिरहेका छन् । कानुनी रूपमा उनीहरू अझै टुहुरा भएका छैनन् । तर, व्यवहारमा, उनीहरू अभिभावकविहीन छन् भने १,४०० भन्दा बढी मानिसको ज्यान लिएको र कम्तीमा ५,००० अन्यलाई बेपत्ता बनाएको बाढीयता उनीहरू यस्तै अवस्थामा छन् ।

**'उनीहरू अहिलेसम्म आउनुपर्ने थियो'**

भदौ १० को बिहान ठाकुरका लागि अन्य विद्यालय जाने दिनजस्तै सुरु भएको थियो । बिहान करिब ८ बजे उनी आफ्नो आमासँग विद्यालय जाँदै गर्दा विपत्ति आइलाग्यो । गाइड र चालकका रूपमा काम गर्ने ठाकुरका बुबा भने घरमै हुनुहुन्थ्यो; उहाँको काम बिहान १० बजे सुरु हुन्थ्यो ।

अचानक, उनीहरूले मानिसहरू चिच्याएको सुने, "दौड-दौड, बाढी आयो" !

उनीहरू हिँडे, उकालो चढे र दौडिए; त्यतिञ्जेलसम्म जब ठाकुर आफ्नो आमाबाट छुट्टिए । त्यसपछि, सेनाको हेलिकप्टरले उद्धार गर्न नआउञ्जेलसम्म ऊ अन्य १३ जनासँगै दिनभरि डाँडामा फसेर बस्यो । उसले भन्यो "म निकै डराएको अनी भोकाएको थिएँ । मैले सोचेँ कि म पनि मर्नेछु । बिस्कुट र खाजाको बट्टा भएको मेरो स्कूल झोला पनि (बाढीमा) हरायो ।"

आफ्नो आश्रयस्थलमा अन्य २६ जना बालबालिकासँगै दिनको खानाका रूपमा दाल, भात र साग खाइरहँदा ठाकुरले आफ्ना आमाबुबा आफूलाई खोज्न किन अझै आएनन् भन्ने कुराले आफू अलमलमा परेको बतायो ।

"ममी र पापालाई पौडी खेल्न आउँथ्यो, त्यसैले उहाँहरू अहिलेसम्म आइसक्नुपर्ने थियो," उसले भन्यो ।

ऊसँगै रहेका एक परामर्शदाताले बताएअनुसार, नजिकै हेलिकप्टर उडिरहेको आवाज सुन्नेबित्तिकै ठाकुर आफ्ना आमाबुबाको उद्धार भएको होला भन्ने आशामा अझै खुला ठाउँतिर दौडिन्छन् ।

नेपालको राष्ट्रिय बाल अधिकार परिषद् र गैरनाफामुखी संस्था 'सेभ द चिल्ड्रेन' ले यसै महिना गरेको बाढीपछिको एक अध्ययनले १ हजारभन्दा बढी बालबालिका अस्थायी आश्रयस्थलमा बसिरहेको देखाएको छ । तीमध्ये १०० भन्दा बढी बालबालिका कुनै पनि आफन्तको साथबिना थिए भने ४३९ जना आफ्ना अभिभावकबिना भए पनि अन्य आफन्तसँग थिए । 'सेभ द चिल्ड्रेन' नेपालका कार्यक्रम निर्देशक आयुष जोशीले अल जजिरालाई यो जानकारी दिएका हुन् ।

युनिसेफ नेपालमा बाल संरक्षणसम्बन्धी जिम्मेवारी सम्हाल्दै आएका लियोन मुवोनीका अनुसार, बाढीका कारण कुल ३२ हजारभन्दा बढी बालबालिका विस्थापित भएका छन् र सरकारी अधिकारी तथा गैरनाफामुखी संस्थाहरू उनीहरूको खोजी गरी परिवारसँग पुनर्मिलन गराउन लागिपरेका छन् ।

मुवोनीले अल जजिरालाई बताएअनुसार, हालसम्म १८ जना बालबालिकालाई उनीहरूका आमाबुबासँग पुनर्मिलन गराइएको छ ।

**'उनी कसैसँग बोल्दिनन्'**

ठाकुर हाल बसिरहेको आश्रयस्थलमा आठवटा कोठा छन् । तीमध्ये छ वटा स्थानीय गैर-नाफामुखी संस्थाद्वारा स्थापना गरिएको हो, जसमा पानी नछिर्ने म्याट, ओछ्यान र नरम खेलौनाहरू राखिएका छन् । कामदारहरू बालबालिकाका लागि बंक-बेड बनाउँदै छन् । सातौँ कोठा खाद्यान्न भण्डारण गर्ने ठाउँको रूपमा र आठौँ कोठा भान्साको रूपमा प्रयोग गरिन्छ । ड्युटीमा रहेका अधिकांश कर्मचारी नेपाल प्रहरीका हुन् भने बाँकी गैरनाफामुखी संस्थाका प्रतिनिधिहरू हुन् । उनीहरूसँग एकजना परामर्शदाता पनि छिन् । सबैजना महिला हुनुहुन्छ ।

करिब १०० किलोमिटर टाढा धादिङस्थित अर्को बाल आश्रयस्थलमा रहेकी चार वर्षीया शिवानी तामाङ अब बोल्दिनन् । उनका आमाबुबा दुवैको मृत्यु भइसकेको पुष्टि भइसकेको छ ।

आश्रयस्थलका हेरचाहकर्ताहरूका अनुसार, उनलाई आफू बसेको टोल वा आफ्ना आफन्तहरू खासै याद छैन; अनि अहिलेसम्म उनका कुनै पनि आफन्त उनलाई लिन आएका छैनन् । उद्धार टोली र परामर्शदाताहरूलाई शिवानीले यति मात्र बताएकी छिन् कि उनी विद्यालयमा थिइन्, जब शिक्षकहरूले उनलाई अन्य विद्यार्थीहरूसँगै हतार-हतार उकालोतिर हतारिएर जान लगाए ।

"उनी कसैसँग बोल्दिनन् । कसैलाई आफ्नो कपाल कोर्न पनि दिँदिनन् । धेरै कर गरेपछि मात्र उनले हामीलाई दुई-तीन दिनमा एकपटक मुस्किलले लुगा फेर्न दिन्छिन्," आश्रयस्थलकी हेरचाहकर्ता यमुना भट्टराईले भनिन् । "उनीजस्तै गहिरो मानसिक आघात (शक) मा रहेका अन्यलाई देख्दा निकै विचलित बनाउने खालको अनुभव हुन्छ । यी सबै बालबालिकालाई मनोसामाजिक सहयोग अत्यन्त खाँचो छ ।"



नुवाकोटमा बालबालिका-मैत्री आश्रय पालभित्र ओछ्यान, राहत सामग्री र प्याक गरिएको खाना । (जिज्ञासा मिश्र/अल जजीरा)

**अब बाँकी, एक-अर्काका लागि मात्र**

आमाबुबा दुवै गुमाएका धेरै बालबालिकालाई कपाल कसरी धुने, लुगा कसरी फेर्ने वा आफैँ कसरी खाने भन्ने कुरा पनि थाहा छैन । अरू कतिपय त झन् आफ्ना साना भाइबहिनीहरूको लागि जिम्मेवार बनेका छन्, जबकि उनीहरू आफैँ पनि बच्चै छन् ।

बाढीबाट सबैभन्दा बढी प्रभावित रसुवा जिल्लाका १० वर्षीया सञ्जु लामा आफ्ना दुई वर्षीय भाइसँग हजुरआमाको घर जाँदै थिइन्; त्यसबेला अपरिचित व्यक्तिहरूले उनीहरूलाई तानेर बाढीबाट सुरक्षित स्थानमा पुग्न मद्दत गरे । उनको घर बाढीले निल्यो । बाढी आउँदा घरमै हुनुपर्ने; उनका आमाबुबा बेपत्ता छन् ।

"सन्जु ठुलो आवाज सुन्दा झस्किन्छिन्, यहाँसम्म किउनको नाम बोलाउँदा पनि," भट्टराईले भने । "उनी प्राय: सधैँ आफ्नो सानो भाइको हात कसिलो गरी समातिरहन्छिन् । रातमा उनी प्राय: डराएर ब्युझिन्छिन् ।"

यो सानी केटी आफ्नो दिनको अधिकांश समय सानो भाइलाई अङ्ग्रेजी कविताहरू पढेर बिताउँछिन् । "अब उनीहरू एक-अर्काका लागि मात्र हुन् ।" भट्टराईले भने ।

युनिसेफका अनुसार, प्रभावित जिल्लाहरूमा १८ वटा विद्यालय ध्वस्त भएका छन् भने थप २० वटामा क्षति पुगेको छ, जसले गर्दा बालबालिकाहरूले सिक्ने, खेल्ने र सामान्य अवस्थामा फर्कने सुरक्षित वातावरणबाट वञ्चित भएका छन् । प्रभावित क्षेत्रका दर्जनौँ विद्यालय नदीको किनार नजिकै अवस्थित छन् र जोखिममा छन् । हाल करिब १० हजार विद्यालय जाने उमेरका बालबालिकाको शैक्षिक भविष्य अनिश्चित बनेको छ ।

**अपर्याप्त सहयोग**

धादिङमा आश्रयस्थलमा परिणत भएका प्राथमिक विद्यालयका गैरनाफामुखी संस्था, परामर्शदाता र बाल हेरचाह गर्ने कर्मचारीहरूले बालबालिकालाई सुरक्षित र सहज महसुस गराउने प्रयासहरू प्राय: असफल भइरहेको बताएका छन् । खेलौना, किताब र खेल्ने सामग्रीहरू वितरण गरिएका छन्, तर वास्तवमा निकै कम बालबालिकाले मात्र तिनको प्रयोग गरिरहेका छन् । धेरैजसो बालबालिका गुमसुम वा अन्यमनस्क देखिन्छन् अथवा खेल्न नसक्ने गरी मानसिक तनाव वा शोकमा डुबेका छन् ।

'सेभ द चिल्ड्रेन' का जोशीले बताएअनुसार उक्त संस्थाले आश्रयस्थलमा रहेका बालबालिकालाई खेलौना र अध्ययन सामग्री वितरण गरेको थियो । उनले भने कि कतिपय अवस्थामा, अभिभावक हराएका बालबालिकाहरूले 'पुतलीको घरभित्रका पुतलीहरूलाई नै आमाबुबाका रूपमा राखेर परिवार बनाइरहेको वा मिलाइरहेको' स्वयमसेवकहरूले देखेका छन् ।

"यी बालबालिकालाई सायद ठ्याक्कै के भयो वा किन भयो भन्ने कुरा पनि बुझेका छैनन्," उनले भने । "उनीहरूलाई भोलिपल्टको बारेमा, अनि समग्र भविष्यबारे केही थाहा छैन ।"

धेरैजसो अवस्थामा, बालबालिकाहरू हाल अत्यधिक भिडभाडयुक्त र गोपनीयताको अभाव भएको आश्रयस्थलमा बसिरहेका छन् । यससँगै, अधिकारी र गैर-नाफामुखी संस्थाहरू भन्छन् कि आफूलाई आफन्त बताउने व्यक्तिहरूको जिम्मामा बालबालिकालाई सुम्पिँदा उनीहरूले सावधानी अपनाउनुपर्छ ।

युनिसेफ लियोनले भने, "मानव बेचबिखन वा बालश्रमको जोखिमबाट बचाउनका लागि, आफन्तहरू फेला परेका कतिपय बालबालिकालाई आश्रयस्थलमै राखिएको छ; किनभने ती आफन्तहरूले पर्याप्त कागजात वा अभिभावकत्वका प्रमाण उपलब्ध गराउन सकेका छैनन् ।"

यता नुवाकोटस्थित आश्रयस्थलमा, ठाकुर साँझको खाजा लिएर अगाडिको बरन्डामा बसेका थिए । आफ्ना आमाबुबालाई लिएर आउने हेलिकप्टरको प्रतिक्षा गर्दै उनका आँखाहरू अस्ताउँदो सूर्यले सुन्तला रङमा रङ्गाएको आकाशतिर एकटकले हेरिरहेका थिए । तर अन्धकार मात्र त्यहाँ आइपुग्यो र त्यसले आफूसँग हेलिकप्टर ल्याएको थिएन ।

***- जिज्ञासा मिश्र***



रसुवास्थित एक आश्रयस्थलमा १० वर्षीया सञ्जुले आफ्ना दुईवर्षीय भाइलाई बोकेकी छिन् । भदौ १० को बाढीले उनीहरूको घर र अभिभावकलाई बगाएको थियो । (जिज्ञासा मिश्र/अल जजिरा)



आश्रयस्थलहरूमा रहेका अभिभावकविहीन बालबालिकाका लागि गैरनाफामूलक संस्थाहरूले उपलब्ध गराएका धेरै खेलौनाहरूमध्ये एक खेलौना ट्रक । (जिज्ञासा मिश्र/अल जजीरा)



नुवाकोट जिल्लास्थित देवीघाटमा, हिलोले ढाकिएको भण्डारण स्थलमा खेलौना पुतलीसँगै उम्रिएको मकै । ९ सेप्टेम्बर २०२६ (टाइरोन सिउ/रोयटर्स)

# सीको स्वागतमा ट्रम्पको राजकीय रात्रिभोज



वासिङ्टन, ९ असोज (एपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ राष्ट्रपति सी जिनपिङको अमेरिका भ्रमणका क्रममा बिहीबार ह्वाइट हाउसमा राजकीय रात्रिभोज आयोजना गरेका छन्। रात्रिभोजमा प्रविधि क्षेत्रका प्रमुख व्यक्तित्व, अर्बपति तथा व्यापारिक नेताहरू सहभागी थिए।

रात्रिभोजमा ट्रम्पले अमेरिका र चीन फरक राजनीतिक प्रणालीका भए पनि दुई देशका जनताबिचको सम्बन्ध कायम रहेको बताउँदै आगामी पुस्ताका लागि समृद्धि र सुरक्षालाई प्रवर्द्धन गर्ने सम्बन्ध निर्माण गर्न सकिने धारणा व्यक्त गर्नुभयो। सीले पनि दुवै देशका महत्त्वाकाङ्क्षी राष्ट्रिय लक्ष्य पारस्परिक रूपमा सुदृढ हुनसक्ने बताउनुभयो।

सीको भ्रमणका क्रममा ताइवान, व्यापार र कृत्रिम बौद्धिकता (एआई) लगायतका विषयमा दुई नेताबीच छलफल भएको थियो। ट्रम्पले सीलाई मरीन वन राष्ट्रपतीय हेलिकप्टर तथा त्यसका लागि निर्माण गरिएको नयाँ हेलिप्याडसमेत देखाउनुभएको थियो।

रात्रिभोजका क्रममा ट्रम्पले ह्वाइट हाउसको दक्षिणी भागमा निर्माण भइरहेको नयाँ बलरूमबारे चर्चा गर्दै सहभागीहरूलाई निर्माणस्थल अवलोकन गर्न निम्तो दिए। उनले उक्त संरचनालाई 'ग्रेट हल अफ द पिपल' सँग तुलना गरेका थिए।

रात्रिभोजमा ओपनएआईका साम अल्टम्यान, एनभिडियाका जेन्सेन हुआङ, अमेजनका संस्थापक जेफ बेजोस, टेस्ला र स्पेसएक्सका एलन मस्क, गुगल तथा अल्फाबेटका सुन्दर पिचाईलगायत प्रविधि क्षेत्रका प्रमुख व्यक्तित्व सहभागी हुनुभएको थियो। ट्रम्पले सीलाई आफू र प्रथम महिला मेलानिया ट्रम्पको सहकार्यमा तयार पारिएको चीलको मूर्ति उपहार दिएका थिए।

रात्रिभोजमा जङ्गली च्याउ र पहेँलो स्क्वासको परिकार, तिलले छोपिएको समुद्री माछा तथा चेरी, ओखर र भेनिला क्रिमसहितको मिठाई प्रस्तुत गरिएको थियो। ट्रम्पले बुधबार सी र उहाँकी श्रीमती पेङ लियुआनलाई संयुक्त बेस एन्ड्रयुजमै पुगेर स्वागत गरेका थिए।

यसअघि मेमा बेइजिङ भ्रमणका क्रममा सीले ट्रम्पका लागि 'ग्रेट हल अफ द पिपल' मा राजकीय रात्रिभोज आयोजना गर्नुभएको थियो। सन् २०१५ मा भने तत्कालीन राष्ट्रपति बाराक ओबामाले सीलाई राजकीय भ्रमणमा स्वागत गर्ने तयारी गर्दा ट्रम्पले त्यस्तो भव्य स्वागतको आलोचना गर्दै सीलाई म्याकडोनाल्डमा लगेर वार्तामा फर्कनुपर्ने टिप्पणी गरेका थिए।

**ताइवानबारे अमेरिकी नीति स्पष्ट गर्न सीको आग्रह**

चिनियाँ राष्ट्रपति सी जिनपिङले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको वार्तामा 'ताइवान स्वतन्त्रता' को विरोध गर्न र ताइवानको विषय सावधानीपूर्वक सम्हाल्न अमेरिकालाई आग्रह गर्नुभएको छ। उहाँले चीन-अमेरिकाबीच कृत्रिम बौद्धिकता (एआई) लगायतका क्षेत्रमा सहयोग विस्तार गर्नुपर्नेमा पनि जोड दिनुभएको छ।

ह्वाइट हाउसमा भएको वार्तामा सीले दुई देशले सहयोगलाई प्रमुख आधार बनाउँदै प्रतिस्पर्धालाई उचित सीमाभित्र राख्न तथा मतभेद व्यवस्थापन गर्दै स्थिर सम्बन्ध अघि बढाउनुपर्ने बताउनुभयो। यसै वर्ष मेमा भएको समझदारीलाई कार्यान्वयन गर्दै आर्थिक तथा व्यापारिक सम्बन्ध स्थिर राख्न सहयोगका क्षेत्र विस्तार र विवादका विषय घटाउनुपर्ने उहाँले उल्लेख गर्नुभयो।

एआईका क्षेत्रमा दुवै देशसँग बलियो क्षमता रहेको बताउँदै सीले यसको जोखिम र फाइदाबारे निरन्तर संवाद तथा दुरुपयोग रोक्न संयुक्त प्रयास आवश्यक रहेको बताउनुभयो। एआई मानव नियन्त्रणमा रहनुपर्ने र मानवकेन्द्रित ढङ्गले विकास गरिनुपर्नेमा उहाँले जोड दिनुभयो।

ताइवानबारे सीले राष्ट्रिय एकीकरण र क्षेत्रीय अखण्डताको रक्षा गर्ने चीनको अडान स्पष्ट रहेको बताउँदै अमेरिकाले 'ताइवान स्वतन्त्रता' को विरोध गर्ने नीतिमा कायम रहनुपर्ने बताउनुभयो। यसबाट चीन-अमेरिका रणनीतिक सहयोग तथा द्विपक्षीय सम्बन्ध विकासका लागि आधार तयार हुने उहाँको भनाइ थियो।

अमेरिकी राष्ट्रपति ट्रम्पले सीको भ्रमणलाई उत्कृष्ट बताउँदै आर्थिक तथा व्यापारिक संवाद जारी राख्नुपर्ने बताउनुभयो। दुवै देशका टोलीबीचको पछिल्लो छलफलबाट नयाँ उपलब्धि हासिल भएको उल्लेख गर्दै उहाँले व्यापार सम्झौता सुधारका लागि वार्ता जारी राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो। एआईमा पनि संवाद र सहयोग विस्तार गर्न दुवै नेता सहमत हुनुभएको छ।

वार्तामा मध्यपूर्व, युक्रेन सङ्कट र कोरियाली प्रायःद्वीपको अवस्थालगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विषयमा विचार आदानप्रदान भएको थियो। साथै, सन् २०२६ मा हुने एपेक आर्थिक नेताहरूको बैठक र जी-२० शिखर सम्मेलन आयोजना गर्न एकअर्कालाई सहयोग गर्ने सहमति भएको छ।

राष्ट्रपति सीको तीनदिने अमेरिका भ्रमणका क्रममा भएको यो भेट छ महिनाभन्दा कम अवधिमा दुई नेताबीच भएको दोस्रो भेट हो।

# नेपाल–चीन सीमा बाढीमा बेपत्ता ५० भन्दा बढी युक्रेनीका परिवार अझै प्रतीक्षामा

बैङ्कक, ९ असोज (एपी)। नेपाल-चीन सीमा क्षेत्रमा विनाशकारी बाढी आएको एक महिना बितिसक्दा पनि ५० भन्दा बढी युक्रेनी नागरिकका परिवार आफ्नन्तको अवस्थाबारे जानकारीको पर्खाइमा छन्।

छत्तिस वर्षीया ओलेना कालिनिचेन्को ५६ जनाको समूहमा हुनुहुन्थ्यो, जसमा अधिकांश युक्रेनी नागरिक थिए। उनीहरू आध्यात्मिक अभ्यासका लागि तिब्बतस्थित कैलाश पर्वत पुगेका थिए। घर फर्कने क्रममा चीनबाट नेपालतर्फ आउँदै गर्दा अगस्ट २६ मा आएको बाढीपछि उनीहरू बेपत्ता भएका हुन्।

बाढी आउनुभन्दा करिब १५ मिनेटअघि चीनको सीमा चौकीबाट बाहिरिँदै गर्दा कालिनिचेन्को अन्तिमपटक देखिनुभएको थियो। उहाँले चीनबाट किनेको 'क्रिसान्थेमम' चिया घर फर्किएपछि साथीसँग पिउने योजना बनाउनुभएको थियो।

उहाँका साथी ओलेस भिसिचले एक महिनादेखि उहाँको खबरको प्रतीक्षा गरिरहनुभएको छ। "उनले घर फर्किएपछि हामी चिनियाँ फूलबाट बनेको चिया पिउनेछौँ भनेकी थिइन्", उहाँले भन्नुभयो।

नेपाल सरकारका अनुसार बाढीमा एक हजार ४०० भन्दा बढी मानिसको मृत्यु भएको छ भने छ हजारभन्दा बढी बेपत्ता छन्। तीमध्ये अधिकांश नेपाली भू-भागतर्फका छन्। नेपालले ५४ युक्रेनीसहित ६३६ विदेशी नागरिक अझै बेपत्ता रहेको जनाएको छ। चीनले आफ्नो भूभागमा २६१ विदेशी नागरिक बेपत्ता भएको र तीमध्ये एक युक्रेनी रहेको जनाएको छ।

नेपालले हालसम्म एक हजार ४५१ शव फेला पारेको जनाएको छ, तर ११२ शव मात्र परिवारलाई हस्तान्तरण गरिएको छ। सरकारले दुई हजार ३५ जना आफन्तबाट डीएनए नमुना सङ्कलन गरेको जनाएको छ। तर कति शवको पहिचान भइसकेको छ भन्ने विवरण सार्वजनिक गरिएको छैन।

बाढीका कारण नेपालतर्फको अध्यागमन कार्यालय र अभिलेख नष्ट भएकाले चीनबाट निस्किएका केही व्यक्तिले नेपाल प्रवेश गरे वा नगरेको यकिन गर्न कठिन भएको छ। केही परिवारलाई चिनियाँ अधिकारीहरूले उनीहरूका आफन्त बाढी आउनुअघि नै चिनियाँ भू-भागबाट बाहिरिसकेको बताएका छन्।

आध्यात्मिक शिक्षिका इरिना ब्लोन्स्कायाको नेतृत्वमा रहेको उक्त समूह तिब्बतबाट बसमार्फत काठमाडौं आउने र त्यहाँबाट आ-आफ्नो देशतर्फ उड्ने योजनामा थियो। पहाडबाट आएको बरफ, चट्टान, हिलो र पानीसहितको तीव्र भेलले कैलाश जाने तीर्थयात्रीहरूले प्रयोग गर्ने केरुङ बन्दरगाहमा ठुलो क्षति पुऱ्याएको थियो।

बेपत्ता व्यक्तिका परिवारहरूले खोजी र पहिचान प्रक्रिया निकै सुस्त भएको गुनासो गरेका छन्। नर्वेमा रहेकी भ्लादिस्लाभा होर्लोभाले आफ्नी आमाको खोजीका लागि युक्रेनी दूतावास, नर्वेली प्रहरी र रेडक्रसलगायत संस्थासँग सम्पर्क गर्नुभएको छ। उहाँले प्रहरीलाई डीएनए नमुनासमेत दिनुभएको छ।

यद्यपि, विपद्को एक महिना बितिसकेको छ, केही परिवारले अझै आफन्त जीवितै भेटिने आशा गरेका छन्। कालिनिचेन्कोका साथी भिसिचले पनि सकारात्मक रहने प्रयास गरिरहेको बताउनुभएको छ।

## विश्व सङ्क्षेप

# कतारद्वारा नेतन्याहुको आरोप अस्वीकार

दोहा, ९ असोज (एएनआई)। कतारले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले संयुक्त राष्ट्रसङ्घको ८१ औं महासभामा कतारविरुद्ध लगाएको आरोप अस्वीकार गर्दै त्यसलाई इजरायलको कार्यबाट ध्यान हटाउने प्रयास भएको बताएको छ। कतारको विदेश मन्त्रालयका प्रवक्ता माजेद अल-अन्सारीले सामाजिक सञ्जाल एक्समार्फत नेतन्याहुको आरोप स्पष्ट रूपमा अस्वीकार गर्नुभएको हो। उहाँले कतारले इजरायलविरुद्ध जनमत प्रभावित पार्ने अभियान चलाइरहेको भन्ने आरोप निराधार रहेको बताउँदै कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रमा इजरायलले गरेको कार्य र त्यसबाट उत्पन्न मानवीय परिणामबाट ध्यान मोड्न यस्तो बयानबाजी गरिएको बताउनुभयो।

विश्वव्यापी जनमतमा, विशेषगरी युवाहरूमा आएको परिवर्तनलाई कुनै 'प्रभाव अभियान' को परिणामका रूपमा व्याख्या गर्नु उनीहरूको चेतना र निर्णय क्षमताको अपमान हुने उहाँले बताउनुभयो। मानिसहरूले प्यालेस्टिनी क्षेत्रमा भइरहेको अवस्था प्रत्यक्ष देखेर आफ्ना धारणा बनाइरहेको उहाँको भनाइ थियो। विश्वले इजरायललाई फरक दृष्टिले हेरेको चाहने हो भने इजरायली नेताहरूले आफ्नो नीति परिवर्तन गर्नुपर्ने, अन्तर्राष्ट्रिय कानुनको सम्मान गर्नुपर्ने र आफ्ना कार्यको जिम्मेवारी लिनुपर्ने उहाँले बताउनुभयो।

कतारको प्रतिक्रिया नेतन्याहुले महासभामा कतार र टर्कीको नाम लिँदै इजरायलविरुद्ध 'झुट' फैलाउन धेरै विदेशी मुलुकले ठुलो रकम खर्च गरेको आरोप लगाएपछि आएको हो। नेतन्याहुले कतारले युवाहरूलाई इजरायल, अमेरिका र पश्चिमप्रति घृणा गर्न उक्साउने अभियान चलाएको आरोप लगाएका थिए। नेतन्याहुले कतारले हमासका नेताहरूलाई आश्रय दिएको भन्दै गरेका थिए भने टर्कीलाई 'यहुदीविरोधी झुट फैलाउने प्रमुख माध्यम' भएको आरोप लगाउँदै राष्ट्रपति रेसेप तैयप एर्दोगानविरुद्ध पनि टिप्पणी गरेका थिए।

# जापानमा आँधीपछि आएको भारी वर्षामा परी मृत्यु हुनेको सङ्ख्या ११ पुग्यो

टोकियो, ९ असोज (सिन्हवा)। पूर्वी जापानको कान्टो क्षेत्रमा आँधीपछि आएको भारी वर्षाका कारण पहिरो र बाढीमा परी मृत्यु हुनेको सङ्ख्या ११ पुगेको छ भने तीनजना अझै बेपत्ता छन्।

स्थानीय सञ्चारमाध्यमका अनुसार मृत्यु हुनेमा टोकियोको पूर्वमा रहेको चिबा प्रिफेक्चरका सातजना र राजधानीको दक्षिणपश्चिममा रहेको कानागावा प्रिफेक्चरका चारजना छन्। जापानको सार्वजनिक प्रसारण संस्था एनएचकेका अनुसार कानागावाको योकोसुकामा पहिरोपछि बेपत्ता भएकी ७० वर्षीया महिलाको शव हालै फेला परेको छ।

प्रहरी र अग्नि नियन्त्रकहरूले बेपत्ता व्यक्तिहरूको खोजी जारी राखेका छन्। सोमबार जापानको पूर्वी प्रशान्त तटमा पुगेको 'डुजुआन' आँधीले कान्टो क्षेत्र र इजु टापुमा भारी वर्षा गराएको थियो। वर्षाका कारण पहिरो र नदीमा बाढी आउनुका साथै टोकियो आसपासका क्षेत्रमा, विशेषगरी चिबा प्रिफेक्चरमा ठुलो क्षति पुगेको छ।

# न्युयोर्कमा नेतन्याहु-विरोधी प्रदर्शनको क्रममा हलिउड कलाकार पक्राउ




न्युयोर्क, ९ असोज (एएफपी)। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुविरुद्ध बिहीबार न्युयोर्कमा भएको प्रदर्शनका क्रममा चलचित्र अभिनेत्री सुसान सारन्डन र 'ह्याक्स' की अभिनेत्री हयाना आइनबिन्डर पक्राउ परेका छन्।

एएफपीको फुटेजमा संयुक्त राष्ट्रसङ्घको महासभालाई नेतन्याहुले सम्बोधन गर्ने तयारी गरिरहँदा प्रदर्शनमा सहभागी सारन्डनलाई न्युयोर्क प्रहरी (एनवाईपीडी) का अधिकारीहरूले हतकडी लगाउँदै गरेको देखिन्छ।

'ज्युइस भ्वाइस फर पिस' ले आयोजना गरेको प्रदर्शनबाट आइनबिन्डरलाई पनि प्रहरीले नियन्त्रणमा लिएको 'न्युयोर्क पोस्ट' ले जनाएको छ।

पक्राउबारे प्रतिक्रिया माग्दा न्युयोर्क प्रहरीले तत्काल जवाफ दिएन। नेतन्याहुले संयुक्त राष्ट्रसङ्घमा सम्बोधन गरिरहँदा प्रदर्शनकारीहरूले 'इजरायललाई हतियार दिन बन्द गर' र 'नरसंहार अन्त्य गर' लेखिएका ब्यानरसहित सडकमा प्रदर्शन गरेका थिए।

महासभामा नेतान्याहुले भाषण सुरु गरेलगत्तै दर्जनौं देशका प्रतिनिधि बाहिरिएका थिए। आफ्नो सम्बोधनमा उहाँले हाले इजरायलको आलोचना गरेका मित्र तथा शत्रु राष्ट्रहरूको कडा आलोचना गर्नुभयो। प्यालेस्टाइनलाई राज्यको मान्यता दिने निर्णय गरेका बेलायत र फ्रान्सप्रति पनि उहाँले असन्तुष्टि व्यक्त गर्नुभयो।

'द रकी हरर पिक्चर शो', 'डेड म्यान वाकिङ' र 'द विचेज अफ ईस्टविक' लगायत चलचित्रमा अभिनय गरेकी सारन्डन गाजामा इजरायलको युद्धविरुद्धका प्रदर्शनमा सहभागी हुँदै आउनुभएको छ।

उहाँले यसै महिना भेनिस फिल्म फेस्टिभलमा पत्रकारहरूसँग कुरा गर्दै आफ्ना राजनीतिक अभिव्यक्तिका कारण आफूले चलचित्रमा काम गुमाइरहेको बताउनुभएको थियो।

सारन्डनले आफ्ना विचारका कारण केही एजेन्सीले आफूलाई काम नदिन आग्रह गरेको बताउँदै चलचित्र क्षेत्रमा अझै पनि 'जायोनिस्टहरूको बलियो प्रभाव' रहेको दाबी गर्नुभएको थियो। साथै, उहाँले आफ्नो परिवार र समर्थकहरूबाट आफूले सहयोग पाइरहेको बताउनुभएको थियो।

# चिनियाँ देवकोटा

✍ चेतनाथ आचार्य

हिजोआज नेपाला युवा पुस्ता रोजीरोटीका लागि खाडी मुलुक हानिन्छन् । खाडी मुलुकका रापिला बालुवा मुस्ने काम नेपाली युवाका आँसु र पसिनाले गरिरहेको छ । मलेसियाका जङ्गलमा सर्प र बिच्छीहरूसँग उत्तिकै पैंठेजोरी खेल्छन् नेपाली युवाहरू ।

भर्खरै बिहे गरेकी श्रीमती, वृद्ध बुबाआमा, कलिला लालाबाला सम्झँदै विदेशको भूमिमा श्रम गर्छन् र गुनगुनाउँछन् 'चालीस कटेसि रमाउँला ।'

यो त्यो समयको कुरा हो जतिबेला खाडी मुलुकले विदेशी कामदारलाई काम दिन सक्ने बनेकै थिएन । उनीहरू आफैं मरुभूमिमा तड्पिरहेका थिए । आजभन्दा ८ दशक अगाडिसम्म नेपालीहरू काम खोज्नका लागि उत्तरी हिमाल र पठार मरुभूमि नाघेर तिब्बतको ल्हासा पुग्थे । हिउँदभरि हिउँले पुरिने ल्हासामा जाडो सकिनासाथ पुग्ने नेपालीहरू लगभग ८ महिना काम गरेर हिउँ पर्न सुरु गरेपछि उही बाटो नेपाल फर्कन्थे ।

यही वियोगान्त पीडालाई वि.स. १९९१ मा महाकवि लक्ष्मीप्रसाद देवकोटाले मुनामदन लेखेर युवा पुस्ता नेपालीको पलायन संस्कृति र बाध्यता उजागर गरेका थिए । त्यही मुना मदनले सम्भवत: पहिलोपटक नेपाल र चीनलाई साहित्यमार्फत जोडेको हो ।

नेपाल र चीनबिचको सम्बन्ध जनस्तरसम्म कसरी फैलिएको छ भन्ने कुरा मुनामदनमा मिहिन ढङ्गमा व्यक्त गरिएको छ । पैसा कमाउन तिब्बत गएका मदन बिरामी पर्दा एकजना तिब्बती (भोटे) ले गरेको सेवाले दुई देशबिचको नागरिक सम्बन्धलाई बिम्बात्मक रूपमा उभ्याएको छ । नेपाली झ्याउरे लयमा लेखिएको मुनामदन अहिलेसम्ममा सबैभन्दा बढी बिक्री हुने कृति पनि हो ।

नेपाल र चीनलाई साहित्य जोड्ने मुना मदनलाई अङ्ग्रेजी र त्यसपछि चिनियाँ भाषामा पनि अनुवाद गरिएको छ । चिनियाँ भाषामा चाहिँ एक दशक अगाडि अनुवाद भएको हो ।

लिउ चिआन

चीनको सामाजिक विज्ञानको चिनियाँ प्रतिष्ठानअन्तर्गत राष्ट्रिय संस्थाको अन्तर्राष्ट्रिय रणनीतिका प्राध्यापक लिउ चिआनले मुनामदनलाई चिनियाँ भाषामा अनुवाद गरेका हुन् । उनले अनुवाद गरेको मुनामदन खण्डकाव्य सन् २०११ को डिसेम्बरमा चिनियाँ भाषामा प्रकाशन भएको छ । प्राध्यापक लिउलाई मुनामदन अनुवाद गर्नका लागि चीनका लागि तत्कालीन नेपाली राजदूत टङ्क कार्कीले अनुरोध गरेका थिए । कार्कीको अनुरोधलाई स्वीकार गर्दै लिउले छोटो समयमै मुनामदन अनुवाद गरेको बताउँछन् ।

मुनामदनका सर्जक लक्ष्मीप्रसाद देवकोटा र यसका चिनियाँ अनुवादक लिउ चिआनका बिचमा एउटा गजबको समान संयोग मिल्न आउँछ । लक्ष्मीप्रसाद देवकोटाले मुनामदन लेख्दा उनी कहिल्यै ल्हासा गएका थिएनन् । तर, उनले त्यहाँको चित्रण सजीव ढङ्गले गरेका छन् । साँझको बेला पोतला दरबारमा बलेका दियोहरूले झलमल्ल देखिएको कुरादेखि चौरीगोठ र पशुपालक तिब्बतीको दैनिक जीवनलाई देवकोटाले जीवन्त उतारेका छन् ।

मुनामदन प्रकाशन भएको ७५ वर्षपछि चिनियाँ भाषामा अनुवाद गर्दा प्राध्यापक लिउले नेपाल टेकेका थिएनन् । उनले त्यस अगाडि रवीन्द्रनाथ टैगोरका तीनवटा कृति चिनियाँमा अनुवाद गरिसकेका थिए । उनी दक्षिण एसियाका बारेमा खोज अनुसन्धान गर्ने विज्ञ त थिए तर त्यतिबेला आफूलाई नेपाली साहित्य र संस्कृतिका बारेमा त्यति धेरै ज्ञान नभएको उनले यो स्तम्भकारसँग बताए ।

प्राध्यापक लिउले बङ्गाली र हिन्दी साहित्यबाट पनि चिनियाँ भाषामा अनुवाद गरेका छन् । त्यसो त उनलाई चिनियाँ र अङ्ग्रेजीबाहेक बङ्गाली भाषा पनि आउँछ । उनी भन्छन्, "नोवल पुरस्कार विजेता रवीन्द्रनाथ टैगोरको साहित्यभन्दा मुनामदन धेरै उत्कृष्ट छ । मैले टैगोरका किताब पनि अनुवाद गरेको छु तर देवकोटाको मुनामदनजस्तो रसिलो र मन छुने भाव मैले कहीँ पनि पाइँन ।" मुनामदनको वियोगान्त कारुणिक कथा नै यसको बहुमूल्य विशेषता भएको उनको ठम्याइ छ ।

अनुवाद गर्नुअगाडि लिउलाई मुनामदनका बारेमा केही पनि थाहा थिएन । उनले न त नेपालको भ्रमण गरेका थिए न त नेपाली साहित्यका बारेमा बुझ्ने कुनै अवसर नै पाएका थिए । उनले भने, "मैले देवकोटाको पागल कविता अङ्ग्रेजीमा पढ्न पाएको थिएँ ।"

सन् २०१० तिर नेपालबाट एउटा सांस्कृतिक प्रतिनिधिमण्डल पेइचिङ आएको रहेछ । त्यतिबेलाका राजदूत टङ्क कार्कीले उनलाई पनि सो सांस्कृतिक कार्यक्रम अवलोकन गर्न बोलाएका रहेछन् । संयोगवश त्यहाँ मुनामदन गीतिनाटक पनि प्रस्तुत गरियो र राजदूत कार्कीले यसलाई चिनियाँ भाषामा अनुवाद गर्न आफूलाई आग्रह गरेको उनले सुनाए ।

मुनामदन गीति नाटकले उनको मन तानिसकेको थियो । उनले मुनामदन खण्डकाव्यको अङ्ग्रेजी अनुवाद पढे । जम्मा एक हजारभन्दा केही बढी लाइनमात्र भएको यो खण्डकाव्य चिनियाँमा अनुवाद गर्न उनले प्रतिबद्धता व्यक्त गरे । नभन्दै उनले तीन महिनाको समय लगाएर अनुवाद सिध्याए र सन् २०११ को डिसेम्बरमा मुनामदनको चिनियाँ अनुवाद प्रकाशनमा आयो ।

मुनामदन अनुवाद गर्दा आफूले नेपालका विभिन्न डकुमेन्ट्री हेरेको प्राध्यापक लिउले सुनाए । यसको उद्देश्य नेपाल बारेमा धेरै बुझ्ने चाहन्थे उनी । मुनामदनमा नेपाली समाज, गरिबी, नेपाली माया, धरातल, घर र आँगनलाई जीवन्त उतार्नु पर्ने भएकाले उनका लागि यो निकै चुनौतीको विषय थियो । किताब प्रकाशन गरेर मात्र सन् २०१२ मा पहिलोपटक नेपाल पुगेका प्राध्यापक लिउलाई त्यतिखेर ढुक्क लाग्यो जतिखेर उनले कल्पना गरेको नेपालीपनलाई प्रत्यक्ष नियाल्दा खासै फरक पाएनन् ।

उनले नेपाल भ्रमणको क्रममा डिल्लीबजारमा रहेको लक्ष्मीप्रसाद देवकोटाको घर र त्रिचन्द्र कलेजको पनि अवलोकन गरेको बताए । उनले अवलोकन गरेको महाकवि लक्ष्मीप्रसाद देवकोटाको डिल्लीबजारको घर नेपाल प्रज्ञाप्रतिष्ठानले भत्काइसकेको छ । त्यहाँ देवकोटा सङ्ग्रहालय निर्माण हुँदै छ । त्यो सङ्ग्रहालयले देवकोटा निवासको पुरानो तत्त्वलाई कति बोक्ने हो त्यो हेर्न बाँकी छ ।

प्रख्यात चिनियाँ साहित्यकार लु सुनको घरलाई चीन सरकारले संरक्षण गरेर लु सुन सङ्ग्रहालय बनाएको छ । पेइचिङ, साङहाई र क्वाङचौमा रहेका लु सुनका तीनवटै घरलाई चीन सरकारले सङ्ग्रहालय बनाएर लु सुनको जीवनी झल्किने सबै कुराको संरक्षण गरेको छ ।

पहिले नेपालको बारेमा खासै चासो नराख्ने प्राध्यापक लिउलाई मुनामदन अनुवाद गरेपछि भने नेपाल जाने हुटहुटी नै चलेको बताउँछन् । मुनामदन अनुवाद गरेको केही महिनापछि नै आफू नेपाल भ्रमणमा गएको उनले सुनाए ।

अनि अर्को रमाइलो संयोग के छ भने उनी अझै तिब्बतको ल्हासा पुगेका रहेनछन् । उनले ल्हासा जाने रहर लागेको तर अहिलेसम्म नजुरेको बताए । नेपाल र तिब्बत (भोट) लाई प्रत्यक्ष जोडेको मुनामदन अनुवाद गरे पनि आफू अहिलेसम्म तिब्बत नपुगेको कुरा उनले खुलाए ।

प्राध्यापक लिउको जन्म चीनको वल्लो शान्सी प्रान्तमा भएको हो । उनले कर्मथलो चाहिँ पेइचिङलाई बनाएका छन् । पेइचिङमा बस्ने भएकाले उनी नेपालबाट आएका साहित्यकार तथा साहित्यमा रुचि राख्ने प्राय:लाई भेट्ने गर्छन् । त्यस्ता भेटमा उनको गफको मुख्य विषय नै लक्ष्मीप्रसाद देवकोटा र उनको मुनामदनका बारेमा हुने गरेको उनले सुनाए । भविष्यमा अझै धेरै नेपाली साहित्यलाई चिनियाँ भाषामा अनुवाद गर्नुपर्ने आवश्यकता देख्ने प्राध्यापक लिउले केही सुझाव पनि दिएका छन् । उनी भन्छन्, "चिनियाँ भाषा र नेपाली भाषा राम्रो जान्ने व्यक्तिसँगै साहित्यमा रुचि राख्ने व्यक्तिहरूको एउटा समूह बनाउनुपर्छ । नत्र सोझै नेपालीबाट चिनियाँमा अनुवाद गर्न गाह्रो छ ।" अनूदित साहित्यले दुई देशबिचको सम्बन्धलाई अझै मजबुत बनाउने उनको ठहर छ ।




पेइचिङस्थित नेपाली दूतावासले आयोजना गर्ने विभिन्न समारोहहरूमा सहभागी हुने गरेका छन् प्राध्यापक लिउ । दक्षिण एसियाको साहित्य तथा संस्कृतिमा उनीसँग लामो अनुभव छ । नेपाली झ्याउरे लयको लोकप्रिय कृति मुनामदनलाई चिनियाँ भाषामा अनुवाद गरेर उनले दुई देशबिचको साहित्यिक तथा सांस्कृतिक सम्बन्धमा नयाँ इँटा थपेका छन् ।

*- सीआरआईबाट*

## कविता

# न्युयोर्क सभा

✍ साहिँला

आशाको केन्द्र न्युयोर्क सभा
कोही लाड्दै छन् शक्तिको हथकण्डा
कोही न्याय-अन्याय, घात-प्रतिघात
विरुद्ध विचार विमर्श ।

साम्राज्यवादी ढोङ्गी ट्रम्प, नेतन्याहु
स्वतन्त्र स्वाधीन मुलुकहरूमाथि
बलमिचाइँको कुनियतले
नाम निशाना मेटाइदिने भन्दै छन् ।

सकिन्न स्वीकार्न स्वाभिमानीहरूलाई
ठूला साना, बलिया निर्बलिया
हैसियत त समान छन् सब
विभेदको धम्की सहन ।

विध्वंसले निम्त्याउने विनाशले
भलो गर्दैन कसैलाई
सहअस्तित्व मेलमिलाप नै
उज्ज्वल भविष्य संसार ।

लोभले नास खेप्नेहरू
घमण्डले अलापविलाप भोग्नेहरू
कहिले लाग्ला घैँटोमा घाम
के आफै खरानी भएपछि ?

आफ्नो स्वाभिमान रक्षा खातिर
संसारका न्यायप्रेमी सिक्री बनी
एकताको एकमनले जुट्दै छन्
साम्राज्यवादको बहिष्कार गरी ।

सुनौलो भविष्यको निर्माणतिर
विश्व शान्तिको निम्ति हेर
न्युयोर्क महासभा आज
वर्गसङ्घर्षको ठाउँ बनेको छ ।

# बालक तिमी

✍ कृष्णश्वरी फाजु

बालक तिमी आमाको कोखबाट यो धर्तीमा जन्म लियौ
घर परिवार आफन्ती सबैलाई खुसी तुल्यायौ
वामे सर्दै लड्दै पर्दै ताते ताते भन्दै हिँड्न सिक्यौ
आमा पापा मामा भन्दै बोली पनि फुटायौ ।

अब त पाठशाला जाने र शिक्षा लिने पालो आयो
कपुरी क पढ्दै नाच्ने गाउने खुसीयाली छायो
सानातिना ज्ञानगुणका कुराहरू राम्रोसँग जुटायौ
शिक्षाको ज्योति जगाई अज्ञानतालाई हटायौ ।

तिमी नै त हौ यो राष्ट्रका एक कर्मठ भागिदार
पढ्ने, लेख्ने र खेल्ने हो तिम्रो हक अधिकार
तिमीले आफ्नो कर्तव्यलाई कहिल्यै भुल्नु हुँदैन
बालक हुँ बाल अधिकार पाएको छु भन्दै फुल्नुहुँदैन ।

हरेक स्थानमा तिमीले अनुशासन पालना गर्नुपर्छ
आफूभन्दा सानालाई स्नेह र ठूलालाई आदर गर्नुपर्छ
नराम्रो आचरण र सोचविचार तिमीले हटाउनुपर्छ
आफूले पाउने मान सम्मान र प्रतिष्ठा पाउनुपर्छ ।

तिमीले आफ्नो दायित्व अवश्य पूरा गररै छाड्नैपर्छ
डाक्टर इन्जिनियर पाइलट बनी उच्च शिखर हाँक्नैपर्छ
अभिभावकको इच्छा र आकाङ्क्षा पूरा गर्नुपर्छ
मेहनती र लगनशील बनेर यो देशको मुहार हँसाउनुपर्छ ।

# तिमीलाई छ सलाम

✍ सत्यराम कासिछ्वा

जस्तोसकै वर्षात् होस्
हावाहुरी नै आओस्
महामारी नै फैलियोस्
जस्तोसकै त्रास र सन्त्रास फैलियोस्
देशको समृद्धि र विकासको लागि
कहीँ कतै हिनताबोध नभई
निरन्तर भविष्यको नयाँ पुस्ताको लागि
खटिने मजदुरहरू तिमीलाई छ सलाम ।

वर्षातमा रुझ्दै
हुरीबतासमा पनि
महामारीको विरुद्ध लड्दालड्दै
डर र शङ्कालाई तिलाञ्जली दिँदै
देश र समाजको लागि
कर्तव्य र जीवन एकै सिक्काको पाटो भई
सभ्य र सुन्दर समाजको लागि
खटिने मजदुरहरू तिमीलाई छ सलाम ।

आफ्नो र परिवारको भोको पेट पाल्न
पीडा र अस्वस्थतालाई पनि
तिलाञ्जली दिँदै
मात्र गरेको होइन कमाइ
अरुको घिनलाग्दो फोहोर
तिमी देश र समाजको लागि
बहुमूल्य मोहोर बनाउन
खटिने मजदुरहरू तिमीलाई छ सलाम ।

# तीन मुक्तक

✍ सत्य सुवाल

जाग्नुपर्छ सधैँ अन्याय अत्याचार असमानताको विरुद्ध
समतामूलक समाज निर्माणप्रति गर्नुहुन्न अवरुद्ध
सभ्य आदर्श तथा स्वच्छ समाज आजको आवश्यकता हो
शोषित पीडितको आवाजप्रति व्यवहार हुन्छ क्रुद्ध ।

कुनै जोखिम मोल्न नपर्ने आफ्नै बौको पेवाझैँ स्थायित्व
सामान्य जनताको सेवामा हुँदैनन् कहिल्यै उत्तरदायित्व
सरकारमा एकपटकको नियुक्ति आजीवन स्वेच्छाचारी
वैदेशिक ऋणमा वैयक्तिक स्वार्थ पूर्ति नि भ्रष्टाचारका तत्त्व ।

सुशासन र समृद्धिको लागि चालिएको त्यो हतियार
निमुखा जनताको पसिना चुस्ने नरपिशाच नै हो मतियार
निमुखा जनताको नि:स्वार्थ सेवा नै हो सबैभन्दा मानव धर्म
सुशासनको नारालाई सत्ताको मार्ग बनाउनेलाई होसियार ।

# पीडित जनताको मुक्तिदाता नारादेवी !

✍ न्हुछेरत्न वुद्धाचार्य

असिना घाम पानी नभनी
अगाडि बच्चा बोकी
पछाडि भारी बोकेर
दु:ख कष्ट भोगेर
परिश्रम गरिरहेका
सङ्घर्षशील पीडित नारी !

लाखौं लाख सर्वहाराहरू
मरी मरी बाँचिरहेको बस्तीमा
मुक्तिको लागि पाखापर्वत चढेर
बुलन्द आवाज लिएर अगाडि बढिरहेको
स्वाभिमानी, चेतनशील, जनसेविका !

हँसिया, सियो, मुङ्ग्रोको पसिना
हजारौं श्रमको मोती दाना
भक्षकहरूले असत्य गरी चुसिराखेको
आफ्नो रगत पसिना फिर्ता लिन
विद्रोह गरिरहेका नारादेवी ।

तर,
यो वर्तमानमा
विरोधको आवाज
गुञ्जिरहेको बस्तीमा
घाउ घाउबाट निस्केको स्वरले
विस्फोटनका मागहरू उठिरहेका छन्
यो अभावै अभावले
घेरिएको प्रत्येक बस्तीमा

अनि,
यो डगमगाएको धरातलमा
मुटुभरि आगो
ओठभरि ज्वाला बोकेर
अघि बढिरहेको
नारी जागरणबाट
उठेको साहसले

मुक्तको आवाजले
उन्मुक्त भएर
निस्केको शक्तिले
यो सदियौंदेखि
अँध्यारो पथमा
उज्यालो पारेर
भोलिको उदाउँदो
सूर्यको प्रतिक्षामा छन्
यो आकाश । यो धर्ती ?

# बाढी वितण्डा

✍ चन्द्रलाल भोमी

हिमताल फुटेर बाढीले विध्वंस भो
सारा नेपाली जनधनको क्षतिमा डुब्ने भो
२०८३ भयो १० बुधबार बिहान ९ बजे जलताण्डव
नृत्य भो
श्रावण शुक्ल चतुर्दशी नक्षत्र श्रवणको बेहाल भो

कोप प्रकोप भोटेकोसी बाढीको कस्तो भेट हो यो
इतिहासकै ठूलो प्राकृतिक प्रकोप र विनाश भो
कुन रूपमा आउँछौ, कसरी आउँछौ जहिल्यै विध्वंस
मच्चाई
गरीब, मजदुर, किसानलाई जहिल्यै सताई

प्राकृतिक स्रोत साधन दोहन भो मानवीय भूल भयो
जलक्षेत्र मिच्दै गयो मानवीय अज्ञानता भो
तिमी उर्लेर आयौ आफ्नो ठाउँको आकार ओगट्यौ
घमण्ड तोड्यौ मानवको पनि एउटा 'पाठ' सिकायौ

# वर्षाको कहर, आशाको उज्यालो

✍ सुनिता गाइसी

कालो बादलले ढाक्यो आकाश, मेघ गर्जिए घरीघरी,
छानोमाथि टप-टप बज्यो, रातभरि झरीझरी ।
बङ्गालको खाडीबाट उठेको बादल आयो कालो,
अविरल वर्षाले गाउँ-बस्ती बनायो बेहाल ।

नदीका छाल उर्लिए, किनारा छाड्दै दौडिए,
खेतका हरिया बाली माटोसँगै बग्दै गए ।
पहाडका काख चिरिए, बाटाहरू सबै भत्किए,
माटोका घरका सपना भेलको छालमा बगिए ।

आमाको काखमा बच्चा, आँखाभरि डर र आँसु,
बाढीको गर्जन सुनिँदा काँप्यो सानो मनको आस ।
किसानले रोपेका सपना पानीसँगै बगे,
वर्षौंको मेहनतका फल क्षणभरमै टाढा भए ।

तर अँध्यारो रातपछि उज्यालो बिहान आउँछ,
टुटेको मनमा फेरि नयाँ आशा पलाउँछ ।
वन र खोला जोगाऔं, प्रकृतिको सम्मान गरौं,
विपत्तिमा हातेमालो गरी सुरक्षित सबै बसौं ।

# ख्वप इन्जिनियरिङ कलेजको प्रथम कलेज सभा सम्पन्न

भक्तपुर, ९ असोज । ख्वप इन्जिनियरिङ कलेजको प्रथम कलेज सभा भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा शुक्रबार सम्पन्न भयो ।

सभामा प्रमुख प्रजापतिले भक्तपुरको इतिहास, यहाँको शैक्षिक अभियान तथा सोही अभियानको एउटा महत्त्वपूर्ण उपलब्धिका रूपमा ख्वप इन्जिनियरिङ कलेज स्थापना भएको पृष्ठभूमिबारे प्रकाश पार्नुभयो ।

कलेज स्थापना गर्दाका सङ्घर्ष, सञ्चालनको क्रममा सामना गर्नुपरेका विविध कठिनाइ तथा चुनौतीहरू स्मरण गर्दै उहाँले स्पष्ट उद्देश्य र दृढ प्रतिबद्धताले कलेज आजको अवस्थामा आइपुगेको स्पष्ट पार्नुभयो ।

प्रमुख प्रजापतिले कलेजको स्थापना देश र जनताको सेवामा समर्पित भई कम शुल्कमा गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने स्पष्ट उद्देश्यका साथ भएको बताउनुभयो । यही मार्गदर्शक उद्देश्यले विभिन्न चुनौतीको सामना गर्दै कलेजलाई निरन्तर अगाडि बढाउँदै स्थापनाको २५ औं वर्षसम्म सफलतापूर्वक पुऱ्याएको उहाँको भनाइ थियो ।

बागमती प्रदेश सभा सदस्य तथा कलेज सभाका सदस्य सुरेन्द्रराज गोसाईंले ख्वप इन्जिनियरिङ कलेजको योगदान र महत्त्वको उच्च मूल्याङ्कन गर्दै कलेज आफ्नो स्थापनाको उद्देश्यअनुरूप निरन्तर विकास र विस्तार हुँदै गएको छ भन्नुभयो ।

उहाँले कलेजको विगत र वर्तमान अवस्थाको समय-समयमा समीक्षा गर्नुपर्ने आवश्यकता औंल्याउँदै "यदि ख्वप इन्जिनियरिङ कलेज स्थापना नभएको भए आज भक्तपुरको शैक्षिक तथा सामाजिक अवस्था कस्तो हुन्थ्यो ?" भन्ने प्रश्नमाथि गम्भीरतापूर्वक विचार गर्न सहभागीहरूलाई आग्रह गर्नुभयो ।

भक्तपुरले आफ्नो शैक्षिक गतिविधि र संस्थाहरूलाई कहिल्यै भौगोलिक सीमाभित्र सीमित नराखेको उल्लेख गर्दै भक्तपुरको शैक्षिक अभियान देशव्यापी सेवाभाव र विश्वसँगको खुला सम्बन्धतर्फ उन्मुख रहेको उहाँले बताउनुभयो ।

हालै रसुवा, नुवाकोट, धादिङलगायतका क्षेत्रमा देखिएका विपद् तथा प्राविधिक समस्याहरूमा समेत ख्वपका संस्थाहरूले आफ्नो विशेषज्ञता, ज्ञान र सामाजिक उत्तरदायित्वका आधारमा योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।




कलेज सभाका उपाध्यक्ष तथा भक्तपुर नगरपालिकाका उपप्रमुख एवं आर्किटेक्ट रजनी जोशीले कलेज प्रशासन तथा प्राध्यापकहरूलाई इन्जिनियरिङ शिक्षालाई केवल पाठ्यक्रम र कक्षाकोठामा सीमित नराख्न आग्रह गर्नुभयो ।

उहाँले इन्जिनियरिङ शिक्षाले समाजमा विद्यमान वास्तविक समस्याहरूलाई पहिचान गर्न, तिनको समाधान खोज्न र निर्धारित शैक्षिक सीमाभन्दा बाहिर गएर नयाँ सम्भावनाहरू अन्वेषण गर्नसक्नुपर्नेमा जोड दिनुभयो ।

समाजको आवश्यकता बुझ्ने, चुनौतीहरूको समाधान खोज्ने र देशको विकासमा अर्थपूर्ण योगदान दिन सक्ने दक्ष इन्जिनियर उत्पादन गर्नु नै इन्जिनियरिङ शिक्षाको मूल उद्देश्य हुनुपर्ने उहाँको भनाइ थियो ।

सभामा कलेजका प्राचार्य इ. सुजन माकेले प्रस्तुत गर्नुभएको कलेजको वार्षिक प्रतिवेदन, वार्षिक कार्ययोजना, दीर्घकालीन योजना तथा वित्तीय लेखापरीक्षण प्रतिवेदनमाथि विस्तृत छलफल गरी सभाले सर्वसम्मत रूपमा अनुमोदन गरेको थियो ।

कलेज सभामा कलेज व्यवस्थापन समितिका सदस्यहरू, विश्वविद्यालयका प्रतिनिधि, ख्वप शैक्षिक संस्थाहरूका प्राचार्यहरू, पूर्वप्राचार्य, प्राध्यापक, विद्यार्थी, अभिभावक तथा पूर्वविद्यार्थी प्रतिनिधिहरूलगायत विभिन्न सरोकारवालाको सहभागिता रहेको थियो ।

# हर्मुज खोल्न इरानको सातदिने प्रस्ताव

न्युयोर्क, ९ असोज (एएनआई) । इरानले पश्चिम एसियामा जारी द्वन्द्व अन्त्य गरी हर्मुज जलघाँटी खुला गर्न र आफ्नो आणविक कार्यक्रमबारे वार्ता पुनः सुरु गर्न अमेरिकासमक्ष सातदिने योजना प्रस्ताव गरेको छ । इरानी विदेशमन्त्री सैयद अब्बास अराघचीले संयुक्त राष्ट्रसङ्घको महासभाका क्रममा मध्यस्थकर्तामार्फत अमेरिकी पक्षसमक्ष प्रस्ताव पठाइएको बताउनुभएको हो ।

अराघचीका अनुसार केही सर्त पूरा भए सातौं दिनको अन्त्यसम्म हर्मुज जलघाँटी खुला गरिने र त्यसपछि आणविक कार्यक्रमबारे विस्तृत वार्ता पुनः सुरु हुनेछ । उहाँले प्रस्ताव यसै वर्षको जुनमा अमेरिका र इरानबिच भएको समझदारीको ढाँचासँग मिल्दोजुल्दो रहेको बताउँदै अमेरिकी मध्यावधि निर्वाचनअघि नै सम्झौता भए राम्रो हुने धारणा व्यक्त गर्नुभयो ।

जर्मनीका विदेशमन्त्री जोहान वाडेफुलसँगको भेटमा अराघचीले कूटनीतिक प्रक्रिया अघि बढाउन इरानले अमेरिकी पक्षसमक्ष आफ्ना सर्त र आवश्यकता स्पष्ट गरिसकेको बताउनुभयो । क्षेत्रीय सुरक्षा पुनःस्थापित गर्न अमेरिकी सैन्य हस्तक्षेप अन्त्य हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

इरान आफ्नो शान्तिपूर्ण आणविक कार्यक्रमका विषयमा कूटनीतिक समाधान खोज्न प्रतिबद्ध रहेको बताउँदै उहाँले वार्ताका क्रममा इरानले देखाएको सद्भाव तथा अमेरिका र इजरायलबाट भएका सैन्य आक्रमणलाई बेवास्ता गर्न नसकिने उल्लेख गर्नुभयो । उहाँले हर्मुज जलघाँटीमा उत्पन्न असुरक्षाका लागि इरानलाई मात्र जिम्मेवार देखाउने प्रयासको पनि आलोचना गर्नुभयो ।

अराघचीले अमेरिका र केही युरोपेली मुलुकले अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन तथा एकपक्षीय दबाबलाई बेवास्ता गरेको आरोप लगाउँदै संयुक्त राष्ट्रसङ्घप्रति विश्वास पुनःस्थापित गर्न सबै देशले संयुक्त राष्ट्रसङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनका सिद्धान्त पालना गर्नुपर्ने बताउनुभयो ।

यसैबिच, इरानी राष्ट्रपति मसुद पेजेस्कियानले 'फक्स न्युज' सँगको अन्तर्वार्तामा जुनमा अमेरिका र इरानबीच भएको समझदारी कार्यान्वयन हुन नसक्नुमा अमेरिकी पक्ष जिम्मेवार रहेको आरोप लगाउनुभएको छ । उहाँले इरानले हर्मुज जलघाँटी बन्द नगरेको र संवादमार्फत समाधान खोज्न आफूहरू अझै तयार रहेको बताउनुभयो ।

यसअघि इरानले अमेरिकी सैन्य दबाब घटाइए तथा इरानी बन्दरगाहमाथिको नाकाबन्दी हटाइए सात दिनभित्र हर्मुज जलघाँटी पुनः खोल्न सकिने जनाएको थियो । इरानी अधिकारीहरूले सेप्टेम्बर १६ मा मध्यस्थकर्तामार्फत प्रस्ताव पठाइएको बताएका छन् ।

विश्वको महत्त्वपूर्ण ऊर्जा तथा सामुद्रिक व्यापार मार्गका रूपमा रहेको हर्मुज जलघाँटीमा देखिएको अवरोधले क्षेत्रीय द्वन्द्वसँगै विश्वव्यापी ऊर्जा आपूर्तिमा समेत असर पार्ने गरेको छ ।

**कार्की...**

मुभ गरेको तर प्रदर्शनकारीहरू नेपाली सेना सवार रहेको ट्रकको चक्कामुनि सुतेको कारण करिब ३:०० बजेमात्र सङ्घीय संसद् भवन कम्पाउन्डमा प्रवेश गरेको" भन्ने छ । यसमा नेपाली सेनाले ट्रकमुनि सुतेका युवा प्रदर्शनकारीहरूलाई सम्झाइबुझाइ हटाई ट्रक अगाडि लान सक्थ्यो अथवा गाडीबाट Dismount भई पैदल नै सङ्घीय संसद् भवन परिसरमा जान सक्थ्यो । तर, यी दुवै कार्य नगरी करिब ३:०० बजे दिउँसोको समयमा मात्र सङ्घीय संसद् भवन प्रवेश गरेको देखिन्छ । सेनाको टुकडी संसद् भवन परिसरमा पुगेर राति त्यहीं रहेको र दोस्रो दिन भदौ २४ गते प्रदर्शनकारीहरूले सङ्घीय संसद् भवनमा आगजनी गर्न थालेपछि संसद् भवनबाट निस्केर गएको भनी प्रहरी र प्रत्यक्षदर्शीले बताएका छन् ।

सेनाको प्रतिनिधि पनि जिल्ला सुरक्षा समितिको सदस्य रहने गरेको र भदौ २३ गते जिल्ला सुरक्षा समिति, काठमाडौंको बैठक बिहानैदेखि प्र.जि.अ.को कार्यकक्षमा बसिरहेको थियो । नेपाली सेनाका प्रतिनिधिलाई त्यसदिन विकसित हुँदै गएको स्थितिबारे जानकारी हुँदा पनि स्थानीय प्रशासनले माग गरेको सहयोग समयमा नै प्राप्त हुन सकेन । फलस्वरूप भिड नियन्त्रण नभई बल प्रयोग गर्दा धेरैजनाको मृत्यु भयो भने अन्य सयौं घाइतेसमेत हुन पुगे ।

भदौ २४ गते सिंहदरबारमा भएको आगजनी र सोही दिन राष्ट्रपति भवन, शीतल निवासमा भएको आगजनी र लुटपाटमा पनि नेपाली सेनाको निष्क्रिय भूमिकालाई लिएर निकै टीकाटिप्पणी भएका छन् । सिंहदरबार परिसरभित्र लामो समयदेखि सेनाले सुरक्षा प्रदान गर्दै आइरहेको छ । भदौ २४ गते घटनाको सुरुमा सेनाले सिंहदरबारभित्र प्रवेश गरेका आक्रोशित प्रदर्शनकारीलाई प्रहरीसँगै मिली परिसर बाहिर पठाएको देखिन्छ । तर, दोस्रोपटक प्रदर्शनकारीहरूभित्र प्रवेश गर्दा नेपाली सेना नवनिर्मित गृहमन्त्रालयको भवनतर्फ जाने बाटोनिर उभिएर निष्क्रिय अवस्थामा रहेको प्रत्यक्षदर्शी, अन्य सुरक्षाकर्मीहरूले आयोगसमक्ष गरेको बयान र उपलब्ध CCTV footage बाट प्रस्ट देखिएको छ ।

नेपालको संविधानको धारा २६७ (२) मा "राष्ट्रपति नेपाली सेनाको परमाधिपति हो" भन्ने स्पष्ट व्यवस्था गरिएको छ । राष्ट्रको धरोहर राष्ट्रपति भवनको विशेष महत्त्व हुन्छ । राष्ट्रपति कार्यालय र राष्ट्रपति बस्ने भवनको सुरक्षासमेत नेपाली सेनाको जिम्मामा रहन्छ । तर, भदौ २४ गते केही प्रदर्शनकारी राष्ट्रपति भवनभित्र अनाधिकृत रूपमा प्रवेश गर्न खोज्दा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूले सुरुमा सम्झाइबुझाइ गर्दा पनि प्रदर्शनकारीहरू सुरक्षाकर्मीहरूको कुरा नमानी जबरजस्ती शीतल निवासको पूर्वपट्टिको मूल गेटबाट भित्र प्रवेश गरे । त्यसबेला नेपाली सेनाका सकल दर्जाका अफिसर र जवानले प्रभावकारी रूपले प्रतिरोध नगर्दा ऐतिहासिक राष्ट्रपति भवन शीतल निवासको पुरातात्त्विक भवनमा आगजनी भई ऐतिहासिक भवनलगायत दस्ताबेजहरूसमेत जलेर नष्ट भए । सिंहदरबार र शीतल निवास भवनहरू मात्र होइनन् ती त पुरातात्त्विक महत्त्वका ऐतिहासिक सम्पदा (Monuments) र जनताको आस्थाको केन्द्र पनि हुन् । यी भवनहरू माथिको आक्रमणले नेपाली सेनाप्रति नेपाली नागरिकहरूको आस्था र विश्वास डगमगाएको छ । सिंहदरबार र राष्ट्रपति भवन शीतल निवासजस्ता महत्त्वपूर्ण भवनहरूमा चारैतर्फ नेपाली सेनाको बख्तरबन्द गाडीसहित नेपाली सेनाको तैनाथी समयमा नै परिचालन भएको भए प्रदर्शनकारीहरूलाई प्रहरीले भित्र प्रवेश गर्न नदिई बाहिर नै रोकी उक्त धरोहरहरू सुरक्षित राख्न सक्ने बलियो सम्भावना थियो । तर, सुरक्षाको सम्पूर्ण जम्मेवारी लिएको नेपाली सेना समयमा परिचालित भएको देखिएन ।

उक्त घटना रोक्न नसक्नुमा नेपाली सेनाका अधिकारीहरूको आफ्नै तर्क रहेको छ । ती अधिकारीहरूका अनुसार आक्रोशित प्रदर्शनकारीहरूमाथि नेपाली सेनाले कारबाही गर्दा अत्यधिक मात्रामा प्रदर्शनकारी हताहत तथा घाइते हुन सक्ने प्रबल सम्भावना रहेकोले नेपाली सेनाले हतियारको प्रयोग गरेन । नेपाली सेनाले सम्पत्ति भन्दा जीउज्यान ठूलो (life over property) को सिद्धान्तलाई अवलम्बन गरी व्यापक मानवीय क्षति हुन नदिन हरसम्भव प्रयास गरेको भनी आयोगसमक्ष आफ्नो बयानमा उल्लेख गरेको छ । नेपाली सेनाका अधिकारीहरूका अनुसार भदौ २४ गते बिहान ८:३० बजेको सट्टा बिहान ५ बजेदेखि नै कर्फ्युलाई निरन्तरता दिई समयमा नै सबै सुरक्षाकर्मीहरू परिचालन गर्ने भनी भदौ २३ गते राति सम्पूर्ण सुरक्षाकर्मीहरूबिच समझदारी भए तापनि भदौ २४ गते बिहान ८:३० बजेबाट मात्र कर्फ्यु आदेश जारी भयो । यसकारण, ठूलो सङ्ख्यामा प्रदर्शनकारीहरू उपत्यकाका सडकहरूमा आइसकेको हुँदा कर्फ्यु व्यवस्था प्रभावकारी भएन । यसले नेपाली सेनाको परिचालन गर्नुपर्ने र परिचालित नेपाली सेनाको कामकारबाही पनि प्रभावकारी नहुने अवस्था सिर्जना हुन गयो । नेपाली सेनाका अनुसार भदौ २४ गते बिहान ५ बजेबाटै कर्फ्यु आदेश जारी भई सुरक्षाकर्मी परिचालित भएको भए सर्वसाधारण नागरिकहरू सडकमा आउन सक्ने अवस्था हुने थिएन । भदौ २४ गतेको घटना नघट्न पनि सक्थ्यो भन्ने भनाइ रहेको छ ।

सिंहदरबार र शीतल निवासमा नेपाली सेना तैनाथ थियो । तिनको रक्षा गर्नु नेपाली सेनाको कर्तव्य हो तर कार्यान्वयन गरेको देखिएन । सिंहदरबारस्थित नरसिंह दलका कमाण्डर, राष्ट्रपति भवन शीतल निवासका कमाण्डर र सङ्घीय संसद् भवन परिसर बानेश्वर तथा प्रधानमन्त्री निवास बालुवाटारमा सुरक्षार्थ खटिएका नेपाली सेनाका कमान्डरहरूले आफ्नो कर्तव्य पूरा गरेको देखिएन ।

**चौबिस...**

वर्षालाई धेरै भारी र २०० मिलिमिटरभन्दा बढी पानी पऱ्यो भने अति भारी वर्षा भनिन्छ । जल तथा मौसम पूर्वानुमान महाशाखाले शुक्रबार र शनिबार पश्चिमी भूभागमा अझै ठूलो पानी पर्ने पूर्वानुमान गरेको छ ।

विशेष गरी लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा शुक्रबार बेलुकी र शनिबार अझै बढी पानी पर्ने महाशाखाले जनाएको छ ।

सोमबारदेखि भने वर्षाको गतिविधि कम हुँदै जाने र असोज १३ गतेदेखि सफा हुने महाशाखाले जनाएको छ ।

हार्दिक बधाई एवं शुभकामना

खेलकुद क्षेत्रमा अतुलनीय योगदान गर्नुहुने यस सर्कलका सल्लाहकार श्री विनोदचरण रायज्यू भक्तपुर जिल्ला भलिबल सङ्घको अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा उहाँलगायत सम्पूर्ण पदाधिकारीहरूलाई हार्दिक बधाई एवं सफल कार्यकालको मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।


विनोदचरण राय

भक्तपुर योङ सर्कल
भक्तपुर-२

हार्दिक समवेदना



जन्म
२००७/१०/०१

स्वर्गारोहण
२०८३/०५/३०

तुल्सीकेशरी नाखन्द

यस समूहका सदस्य सुरेन्द्र नाखन्दकी ममतामयी आमा **तुल्सीकेशरी नाखन्द**को असामयिक निधन भएको आज बाह्रौं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

दोपचा नेवा बचत कोष
ओम कार्यश्वर मार्ग
पाइपलाइन नयाँ बस्ती-१०, भक्तपुर

बिल लिने र दिने बानी बसालौं

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणको रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं ।

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोचों